जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक २३, २०७५ साल असोज ५ गते शुक्रबार, नेपाल संवत् ११३८ (Sept. 21, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भारतीयको गोली प्रहारबाट प्रधानाध्यापकको हत्या

सुनसरी । सुनसरीको हरिनगरा गाउँपालिका २ भुताहा रहेको रैयन पब्लिक स्कुलको गेटैमा बिहीबार दिनदहाडै प्रधानाध्यापकको हत्या भएको छ । भारतबाट दुईवटा मोटरसाइकलमा आएका हतियारधारी समूहले इस्लाम धर्मका मदरसाका प्रधानाध्यापक खुर्सिम आलमको गोली हानी हत्या गरेको जिप्रका सुनसरीले जनाएको छ । शिक्षक आलमको टाउकोमा गोली हानिएको थियो । आलमको हत्यापछि भारततर्फ भागेका उनीहरुलाई सीमा बाँकी ८ पेजमा

## संविधान दिवसमा मालेको शुभकामना

काठमाडौं । नेकपा मालेले संविधान दिवसका अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपालीहरुलाई एक विज्ञप्ति प्रकाशित गरी शुभकामना व्यक्त गरेको छ । महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- '२०७२ साल असोज ३ गते जारी गरिएको नेपालको नयाँ संविधान तेस्रो वर्ष पुगी चौथो वर्षमा प्रवेश गरेको पावन अवसरमा नेकपा (माले) देश तथा विदेशमा बाँकी ८ पेजमा

# आफ्नै व्यवहारका कारण एक्लिँदै भारत

काठमाडौं । फ्रान्सलाई पछि पार्दै विश्वकै छैटौं ठूलो अर्थतन्त्र भएको मुलुक बनेको भारत दक्षिण एसियामा मात्र होइन, दक्षिणपूर्वी एसियामै आफ्नो प्रभुत्व कायम गर्ने सपनाका साथ अघि बढिरहेको छ । भारतको नेतृत्वमा महाराष्ट्रको पूणेमा बिमस्टेक संयुक्त सैनिक अभ्यास आयोजना गरिनु बिमस्टेकलाई क्षेत्रीय सैन्य संगठन बनाउने भारतीय मुराद नै हो । भारत दक्षिण एसियामा मात्र होइन, आसिएनसम्म आफ्नो पहुँच रहेको सन्देश विश्व राजनीतिक मञ्चमा प्रवाह गर्न खोजिरहेको छ । जब नेपालले बिमस्टेक संयुक्त सैन्य अभ्यासमा भाग नलिने निर्णय गऱ्यो यसलाई भारतले कूटनीतिक झट्काको रुपमा लियो ।

पूणेमाा भएको बिमस्टेक राष्ट्रहरुको संयुक्त सैनिक अभ्यास माइलेक्स-१८ को समापन समारोहपछि पत्रकाहरुसँगको अन्तर्क्रियामा भारतीय सेना प्रमुख विपिन रावतले भौगोलिक बाध्यताका कारण नेपाल र भुटान चाहेर पनि भारतबाट टाढा जान नसक्ने बताए । भूगोलकै कारण यी दुई मुलुक चीनतर्फ ढल्किन नसक्ने उनले दाबी गरेका छन् । उनले भनेका छन्- नेपाल र भुटान जस्ता मुलुक भारतबाट टाढा जान सक्दैनन् । भूगोलका कारण उनीहरुले स्वाभाविक रुपले भारतसँग झुकाव राख्नुपर्छ । चीनतर्फभन्दा भारततर्फ झुकाव राख्न अनुकूल छ । हाम्रो नेतृत्वले पनि छिमेकी पहिले र पूर्व हेर नीति लिएको छ । बिमस्टेक त्यही नीतिअन्तर्गत पर्छ । हामी छिमेकीसँगको सम्बन्ध सुदृढ गर्न प्रयासरत छौं । ठूलो मुलुक भएकाले हामीले अग्रसरता देखायौं भने त्यसलाई अन्य मुलुकले अनुशरण गर्नेछन् । भारतीय सेना प्रमुखले चीनले पनि भारतजस्तै बजार खोजिरहेको र त्यसमा दुवैबीच प्रतिस्पर्धा रहेको हुँदा जसले राम्रो गर्न सक्यो उसैले जित हासिल गर्ने समेत बताएका थिए । सोही कार्यक्रममा भारतका रक्षा राज्यमन्त्री सुभाष भ्रामले भने नेपालमा सैन्य नेतृत्व भर्खरै परिवर्तन भएकाले अभ्यासमा भाग नलिनुलाई अन्य कोणबाट हेर्न नहुने बताएका थिए । साताव्यापी सैन्य अभ्यासमा नेपाल र थाइल्यान्डले पर्यवेक्षकका रुपमा मात्र सहभागिता जनाएका थिए । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले काठमाडौंमा



सम्पन्न बिमस्टेक शिखर सम्मेलनमा प्रस्ताव गरेको संयुक्त सैन्य अभ्यासमा नेपालले अन्तिम समयमा भाग नलिने निर्णय गरेको थियो ।

भारतीय सेनाप्रमुख रावतले नेपाल भुटान चाहेर पनि भारतसँग टाढा हुन नसक्ने जुन भनाई सार्वजनिक गरेका छन्, त्यो एक सार्वभौम र स्वतन्त्र राष्ट्रमाथिको नांगो हस्तक्षेप हो । भुटानको सुरक्षा र विदेश नीतिको चाबी दिल्लीसँग छ । यस अर्थमा भुटान भारतको पकड बाहिर जान सक्दैन स्वाभाविक हो । तर नेपाल सदियौंदेखि हिमलयको काखमा भारत र चीनको बीचमा स्वतन्त्र सार्वभौम र स्वाधीन राष्ट्रको रुपमा रहँदै आएको छ । ब्रिटेन, फ्रान्स, पोर्चुगल, स्पेन जस्ता देशहरुले विश्वमा उपनिवेश कायम गर्न होडबाजी गरेका बेलामा समेत नेपालले आफ्नो स्वतन्त्र अस्तित्वलाई जोगाइराख्यो । भारतलाई उपनिवेश बनाएर शासन गरिरहेका ब्रिटिसहरुले नेपाललाई अधिनस्थ गर्ने कोसिस गरे पनि हाम्रा वीर पुर्खाहरुले रगत र पसिनाले आर्जेको भूमि हो । भारतजस्तो ब्रिटेनले बनाइदिएको देश होइन नेपाल । सन् १९४७ अगाडि विश्वको नक्सामा भारत भन्ने कुनै देश थिएन । ब्रिटिशहरुले झन्डै ५६० वटा स्वतन्त्र राजतन्त्रात्मक राज्यहरुलाई अधिनस्थ गरेर आजको भारतको निर्माण गरिदिएका हुन् । अहिले पनि भारत भावनात्मक बाँकी ८ पेजमा

## भुटानबाट पनि भारत बढारियो

काठमाडौं । दक्षिण एसियाको स्वतन्त्र राष्ट्र भएर पनि भुटानमाथि भारतले नेपालभन्दा पनि धेरै कुरामा नियन्त्रण गरेको छ । तर, अब भुटान पुरानो भुटान नभई भारतीय औपनिवेशिकताबाट मुक्त बन्ने अभियानमा अघि बढ्ने देखिएको छ । भुटानमा शनिबार सम्पन्न भएको निर्वाचनमा भारत निकट भनि आरोप लाग्दै आएको दल पिपुल्स डेमोक्रयाटिक पार्टी (पिडिपी) आगामी पाँच वर्ष सत्ता बाहिर बस्ने निश्चित भएको छ ।

निवर्तमान प्रधानमन्त्री छिरिङ तोग्बेले नेतृत्व गरेको दलले हिजो सम्पन्न भएको निर्वाचनमा तेस्रो भएपछि सत्ता बाहिर रहन पुगेको हो । भुटानी कानुन अनुसार राष्ट्रियसभाको निर्वाचनका लागि पहिलो चरणमा सम्पन्न निर्वाचनबाट दुई मुख्य दल मात्रै अन्तिम प्रतिस्पर्धाका लागि बाँकी ८ पेजमा

## देशको स्वाधीनता रक्षाका लागि जुट्दै युवा

काठमाडौं । 'राष्ट्रिय स्वाधिनताको निम्ति युवाको भुमिका' एवम् सम्मान तथा प्रमाणपत्र वितरण कार्यक्रम सचेत देशभक्त मञ्चले सम्पन्न गरेको छ ।

देशको राष्ट्रियता, स्वाधीनता, भौगोलिक अखण्डतामाथि दिनानुदिन छिमेकी राष्ट्रको हेपाहा प्रवृत्तिले गर्दा नेपाली जनताको स्वाभिमानमा ठूलो चोट पुगिरहेको छ ।

देशको राष्ट्रियता, स्वाधिनता, भौगोलिक अखण्डतालाई जोगाउन कुनै पनि पार्टीले अहिलेसम्म भूमिका नखेलेको भन्दै स्वतन्त्र युवाहरूले 'सचेत देशभक्त मञ्च' नामक संगठनको स्थापना गरेर राष्ट्रिय स्वाधीनताको निम्ति आवाज उठाइरहेका छन् ।

मञ्चले सन् १८१६ मा अंग्रेजसँग सम्झौता भएर नेपालले गुमाउनुपरेको एक तिहाई भूभाग र अहिले भैरहेको भूभाग पनि भारतीयहरुले एकपछि अर्को



गर्दै ७१ ठाउँमा हडप्दै गइरहेको अवस्थामा मञ्चले कलेज कलेजमा गएर युवा विद्यार्थीहरुलाई विगतको नेपाल विशाल नेपाल, अहिलेको वर्तमान नेपाल भारतीय नागपासमा नेपाल र भविष्यमा हुनसक्ने सम्भावित नेपालको बारेमा प्रशिक्षण दिइरहेको छ ।

मञ्चले सामाजिक कार्यहरु सँगसँगै भ्रष्टाचारको, वैदेशिक रोजगारमा कसरी नेपालीहरु ठगिन्छन, महिलाहरु किन हेपिएका छन्, तिनीहरुलाई उत्थान गर्न कसको भूमिका के रहन्छ भन्ने बारेमा पनि मञ्चले अहिले जनचेतनामूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । मञ्चले राष्ट्रिय स्वाधिनतालाई आँखाको नानी ठान्छ । सबैथोक भएर पनि राष्ट्र स्वाधिन नहुनु भनेको श्रीमती भएर पनि छोराछोरी नहुनु बाँकी ८ पेजमा

## स्वीस बैंकमा नेपालीको अबौं कालो धन

काठमाडौं । २०४६ सालको जनआन्दोलनको समयमा आन्दोलनकारी जनतालाई ऊर्जा भर्न नेताहरुले एउटा हल्ला फैल्याएका थिए, स्वीटजरल्यान्डको बैंकमा पम्फादेवी ठकुरीका नाममा अबौं रकम राखेको छ, जनआन्दोलन सफल भएपछि हामी त्यो रकम फिर्ता ल्याउनेछौं । अझ नेताहरुले मञ्चबाटै पनि भन्ने गरेका थिए- पम्फादेवीको रकम फिर्ता नल्याएसम्म आन्दोलन रोकिने छैन भनेर ।

आन्दोलन सफल भयो पम्फादेवीको प्रसंग त्यसै सेलाएर गयो । तत्कालीन समयमा पम्फादेवी भनेर महारानी ऐश्वर्यतर्फ लक्षित गर्दै आन्दोलनमा गालीगलौजसहितको नाराबाजी पनि हुने गरेको थियो । अहिले राजदरबारका पम्फादेवीहरु त छैनन् तर शासन सत्ता हातमा लिनेहरुले पम्फादेवीका अवतार भने जन्माइरहेका बाँकी ८ पेजमा

## महिलालाई सीपमूलक तालिम






काठमाडौं । सुरेन्द्र ढकाल प्रतिष्ठान तथा पुतलीबजार नगरपालिकाको संयुक्त सहयोगमा सुवास टेक्सटायल उद्योगद्वारा आयोजना गरिएको ३ महिने ढाका कपडा उद्योग प्रशिक्षण गत भाद्र ३० गते स्याङ्जामा सम्पन्न भएको छ । उक्त प्रशिक्षण पुतलीबजार नगरपालिकाका सुविधाबिहीन महिलाहरुका लागि आयोजना भएको थियो । प्रशिक्षणपश्चात् सहभागी महिलाहरुले असोज १ गतेदेखि नै सुवास टेक्सटायल उद्योगमा रोजगार पाएका छन् । प्रशिक्षण समापन कार्यक्रममा प्रमुख अतिथि, सुरेन्द्र ढकाल प्रतिष्ठानका अध्यक्ष तथा नेकपा मालेको पोलिटब्युरो सदस्य सुरेन्द्र ढकालले रोजगारमूलक प्रशिक्षण कार्यक्रमको लागि प्रतिष्ठान नेपालका विभिन्न जिल्लाहरुमा सुविधाबिहीन महिलाहरुको लागि सीपमूलक कार्यक्रमहरुको लागि आर्थिक सहयोग गर्ने गरेको बताउनुभयो ।

नाराको राजनीतिबाट देश विकास हुन नसक्ने बताउँदै उहाँले विकासमा आधारित राजनीति बाँकी ८ पेजमा

## सयौं सीमा स्तम्भ गायब

काठमाडौं । सन् १८३७ पछि नेपाल र भारतको बीचमा सीमा स्तम्भ गाडिन थालेका हो । प्रधानमन्त्री जंगबहादुर राणाले नेपाल-भारत सीमा छुट्याउन पिलर बनाएर ठड्याउन लगाए । त्यसैले मुख्य सीमा स्तम्भलाई जंगे पिलर पनि भनिन्छ । तर पछिल्लो समयमा नेपाल भारत सीमाका ५ सय स्तम्भ हराएका छन् । नापी विभागले चार वर्ष लगाएर ताप्लेजुङदेखि दार्चुलासम्म गरेको सीमा अध्ययनमा यस्तो देखिएको हो ।

मेची, नारायणी, महाकाली लगायत ५७ वटा नदीले नेपाल भारतबीच सीमाको काम गरेका छन् । नेपाल भारत सिमानाको १ हजार ८ सय ८० किलोमिटर क्षेत्रमध्ये ६४० किलोमिटर क्षेत्रमा नदीनाला पर्छन् । कुनै ठाउँमा नियतबस सीमा स्तम्भ गायब पारिएको छ भने कतिपय भत्किएर, बिग्रिएर र नदीको बाढले बगाएर हराएका छन् । सन् २०१४ यता सीमासम्बन्धी प्राविधिक काम गर्न गठित बाँकी ८ पेजमा

## खै राजनीतिक नैतिकता ?

काठमाडौं । संविधानसभाले नेपालको नयाँ संविधान जारी गरेको तीन वर्ष पुगेको छ । असोज ३ गते देशले संविधान दिवस मनायो । कतै बत्ती बालेर खुसियाली मनाइयो भने मधेसी दलहरु मिलेर बनेको राष्ट्रिय जनता पार्टीले भने कालोपट्टि बाँधेर, कालो झन्डा गाडेर, संविधान दिवसको विरोध गऱ्यो ।

नेपालको तराई भूभाग पृथक मधेस राज्य हो भन्दै आन्दोलन गर्दै आएका सीके राउत जस्ता विखण्डनकारीले आमसभा नै गरेर संविधानको विरोध गरे । 'मधेस इज नट नेपाल' लेखिएका प्लेकार्ड बोकेर जनकपुरमा रावतका बाँकी ८ पेजमा

समय-सन्दर्भ

## कहिले साटिन्छन् प्रतिबन्धित भारू नोट ?

किरण थापा

काठमाडौं । भारतमा मोदी सरकारले नोटबन्दी सुरु गरेपछि नेपालमा भएको भारतीय रुपैयाँ पनि साटिने अपेक्षा गरिएको थियो । नेपाल र भारतबीच ऐतिहासिक सम्बन्ध र नेपालमा भारुको चलनचल्ती धेरै हुने गरेका कारण नेपालमा रहेका भारु नोट साटिने धेरैले विश्वास गरेका थिए । तर त्यसो हुन सकेन । नोटबन्दी सुरु भएको झन्डै दुई वर्ष पुग्नै लाग्दा पनि नेपालमा रहेका ५ सय र १ हजार दरका भारु सटही भएका छैनन् । केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकले पटक पटक भारतीय केन्द्रीय रिजर्भ बैंकसँग सटहीका लागि अनुरोध गरे पनि सुनुवाई भएको छैन ।

नेपाल राष्ट्र बैंकका अनुसार औपचारिक प्रणालीमा करिब ८ करोड भारु रहेको छ । त्यसबाहेक सर्वसाधारण तथा उद्यमी व्यवसायीसँग अबौं भारु रहेको अनुमान गरिएको छ । नेपाल भारतबीचको आर्थिक व्यापारिक सम्बन्ध नेपालमा भारुको चलनचल्ती, नागरिकहरुको आवतजावतका कारण नेपालीहरुसँग प्रशस्त भारु हुनु स्वाभाविक हो । स्थिर विनिमय दर रहेको र चलनचल्ती बढी भएका कारण दुवै मुलुकका नागरिकको हित हेरेर सटही सुविधा दिइनु पर्थ्यो । तर नागरिकसँग रहेको भारुको त कुरै छोडौं राष्ट्र बैंकसँग भएको भारु पनि भारतले साटेको छैन । भारु सटहीमा भारतले नेपालप्रति नरम नीति लिएन ।

नेपालको केन्द्र बैंक नेपाल राष्ट्र बैंक र भारतको केन्द्र बैंक भारतीय रिजर्भ बैंकबीच थुप्रै सहकार्य भएका छन् । तर प्रतिबन्धित भारु नोट सटही गर्न भारतीय रिजर्भ बैंकले सहकार्य गर्नै चाहेन । प्रतिबन्धित भारु ५ सय र १ हजारका नोटहरुको सटही समस्या समाधान अब केन्द्र बैंक वा कर्मचारीको तहबाट होइन, राजनीतिक तहबाट खोजिन आवश्यक छ । अर्थमन्त्री, प्रधानमन्त्री तहबाटै समाधान खोजिनुपर्ने हो ।

परराष्ट्र मन्त्रालयले कूटनीतिक पहल गरेर प्रतिबन्धित भारु सटहीका लागि गम्भीर पहल गर्न सकेको छैन । नेपालमा अहिले ठूला दरका भारु नोट चल्दैनन् । यसले दुवै मुलुकका नागरिक समस्यामा परेका छन् । दुवै देशका नागरिक एक अर्को मुलुकमा काम गर्छन् । सीमावर्ती सहरमा दैनिक उपभोग्य वस्तु किन्नका लागि एक अर्का मुलुकमा आउने जाने गर्छन् । दुवै देशका नागरिकले स्वास्थ्य, शिक्षा, रोजगारी, पर्यटन लगायतका लागि भारु तथा नेरु प्रयोग गर्छन् ।

ठूला दरका भारु नेपालमा नचल्दा यसले दुवै देशका नागरिकलाई समस्यामा पारेको छ । दशैं तिहार छठपर्व नजिकिँदैछ । भारतीय बजारमा नेपाली ग्राहकको घुइाचो बढ्न थालेको छ । तर नोटबन्दी र ठूला दरका भारु नेपालमा नचल्ने कारणले उपभोक्ताहरुलाई सामान खरिदमा समस्या उत्पन्न गराएको छ । सरकारले भारत सरकारसँग कूटनीतिक घनीभूत छलफल गरेर भारु सटहीका लागि पहल गर्ने जनअपेक्षा रहेको छ ।

नेपाल र भारतबीचको सम्बन्धमा कुनै समस्या नरहेको प्रधानमन्त्री केपी ओलीले बताउँदै आएका छन् । तर भारत नोटबन्दी गरिएका भारु समेत साटेर नेपाललाई सहयोग गर्न चाहँदैन । भुटानसँग रहेका ५ सय र १ हजारका सबै नोटहरु भारतले सटही गरिदियो । तर नेपाललाई सटही सुविधा दिन भारत किन इन्कार गरिरहेको छ । बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# संविधान दिवसको सार्थकता

नेपालको संविधानले तीन वर्ष पूरा गरेको छ । २००४ सालदेखि नै संविधान निर्माणका विभिन्न चरणहरू चल्दै आएकोमा २०७२ साल असोज ३ गते संविधानसभाद्वारा जारी भएको नयाँ संविधानका विशेषता र गुरूत्वले विगतका संविधानहरूलाई थिचिदिएको छ । एक दशक लामो जनयुद्धमा भएको हजारौं नागरिकको बलिदानी, दोस्रो जनआन्दोलन र लोकतन्त्रको स्थापनापछि भएको पहिलो संविधानसभाको असफलतापछि दोस्रो संविधानसभामार्फत अर्बौंको लगानीमा वर्तमान संविधानको निर्माण भएको हो । यो संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुका साथै नागरिकका थुप्रै मौलिक हक अधिकारहरू संवैधानिक रूपमा प्रत्यायोजन गरेको छ ।

भारतीय हस्तक्षेपका कारण संविधानको जन्म निकै ठूलो कष्टपूर्ण अवस्थाबाट भएको थियो । संविधानको घोषणाको तिथि पर सार्न भारतले परराष्ट्र सचिवलाई विशेष दूतका रूपमा खटाएको थियो । संविधानसभाबाट संविधान लेख्ने जनताको सात दशक लामो सपना पूरा गर्ने सन्दर्भमा मधेसी, जनजाति लगायतका असन्तुष्टिहरू व्यक्त भइरहेकै अवस्थाको फाइदा उठाउँदै भारतले खेल्ने प्रयास गर्दै अवरोध खडा गरे तापनि त्यसलाई पन्साउँदै नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले संविधानसभा हलमा संविधानलाई शिर स्पर्श गराउँदै घोषणा गरेका थिए । संविधान घोषणाको तेस्रो दिन अथवा ६ गतेदेखि नै भारतले नाकाबन्दी लगायो । २०७२ साल माघ २ गते संविधान संशोधन गरी असन्तुष्ट मधेसी लगायतका माग सम्बोधन गर्ने प्रयास गरियो । माघ २५ गते भारतले लगाएको नाकाबन्दीको अन्त्य भएको थियो ।

२०७४ साल संविधान कार्यान्वयनको वर्ष बन्यो । वैशाख ३१ गते स्थानीय निर्वाचनको पहिलो चरणको चुनाव भएको थियो भने यसै वर्ष प्रादेशिक निर्वाचन र संघीय संसदका निर्वाचन सम्पन्न भए । प्रादेशिक गभर्नरको नियुक्ति, सरकार गठन, अस्थायी राजधानीको निर्धारण लगायतका संविधान कार्यान्वयनका विभिन्न आयामहरू पूरा गर्दै अहिले संविधान अनुरूपको कानुन निर्माणमा संसद जुटिरहेको छ ।

नयाँ संविधान कार्यान्वयन भए तापनि राजनीतिक नेतृत्वले जनतामा नयाँ आशा उमंग भने जगाउन सकेको छैन । यत्रो ठूलो परिवर्तनपछि पनि नेताहरूका पुराना आचरण र कार्यशैलीमा परिवर्तन आउन नसकेका कारण नयाँ संविधान फिका भएको महसुस जनताले गरिरहेका छन् । संविधान देशको मूल कानुन हो । संविधानभन्दा माथि कोही हुँदैन । तर व्यवहारमा संविधान कार्यान्वयनको जिम्मा लिनेहरूले यो कुरा देखाउन सकेका छैनन् । पुरानै सोच, शैली र भ्रष्ट मनोवृत्तिले सरकार र कर्मचारीतन्त्रलाई नराम्रोसँग गाँजिरहेको छ । खटाएको ठाउँमा नजान कर्मचारी र अधिकार जति केन्द्रमै सीमित राख्न खोज्ने सरकारको सोचल गर्दा प्रादेशिक सरकारहरूमा चरम असन्तुष्टि छाएको छ । प्रादेशिक सरकारको कुनै काम छैन भन्ने कुरा जनताका नांगा आँखाले समेत स्पष्ट देखिन थालेको छ । भूमिकाविहीन जस्ता बनेका मुख्यमन्त्री र प्रदेशका मन्त्रीहरू भूमिकाको खोजीमा लागेर पटक पटक केन्द्रसामु गुनासो गरे तापनि केन्द्रले सुनिरहेको छैन । केन्द्र र प्रदेशबीचको शंका, उपशंका र तालमेलविहीन अवस्थाले संघीयता कार्यान्वयनमाथि नै प्रश्न उब्जाएको छ ।

अर्कोतर्फ स्थानीय तहहरू अराजक शैलीमा प्रस्तुत भएका छन् । आफ्ना सेवा, सुविधा सकेसम्म बढाउने र जनतालाई करको भारीले थिच्ने प्रवृत्तिले आम जनतालाई आहात पुगिरहेको छ । बाटो नपुगेका ठाउँमा समेत स्थानीय तहमा मोटर किन्ने होडबाज ी चलिरहेको छ । लामो संघर्षपछि प्राप्त परिवर्तनको फल सम्पूर्ण जनतामाझ पुग्नुपर्नेमा कर्मचारी र सरकारी ढिकुटीबाट तलब भत्ता बुझ्ने नेताहरूमा मात्र सीमित रहनाले जनतामा संविधान दिवसप्रतिको उत्साहमा कमी आएको छ ।

यसैगरी संविधानप्रति असन्तुष्टि जाहेर गर्ने मधेसी समूह, जनजाति तथा संसदीय व्यवस्थाकै विकल्पको खोजीमा लाग्नेहरूका लागि संविधान दिवस कागलाई बेल पाक्यो हर्ष न विस्मतको अवस्थामा रहेको छ । संविधान स्वीकारेर चुनावमा भाग लिने सांसद, मन्त्री बन्नेहरू समेत कालो दिन भनेर संविधानलाई चुनौती दिइरहेका छन् । सत्तामा बसेर संविधानलाई कालो भन्नेलाई सरकार कुनै कारबाही नगरी लाचार बनिरहेको छ । संविधान आफैंमा सबै चिजको समाधानको सूत्र होइन । यसले प्रत्यायोजन गरेका अधिकार नागरिकसम्म राम्रो ढंगले सम्प्रेषण गर्ने सरकार र यसका निकाय सक्षम र निष्पक्ष हुनुपर्छ । त्यसैगरी असन्तुष्ट समूहहरूसँग पनि राज्यले संवाद, छलफल गरी सबैलाई एकसूत्रमा बाँधेर राजनीतिको मूल प्रवाहमा हिंडाउन सक्नुपर्छ । अनिमात्र संविधान र आम जनताले फल्ने फुल्ने मौका पाउने छन् र संविधान दिवसको सार्थकता पनि अझ प्रखर भएर जानेछ ।

# कार्यान्वयनसँगै असफलतातिर संविधान



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

असोज ३ गते संविधान दिवस हो । संविधानसभाले बनाएको संघीयता र धर्मनिरपेक्षतासहितको संविधान दिन परदिन असफलताको बाटोमा लम्किरहेको कारण देश फेरि दुर्घटनामा पर्न सक्ने संकेत देखिएको छ । नेपालमा संघीयता भने पनि यो क्यानडाको जस्तो पूर्ण र जर्मनीको जस्तो अर्धसंघीयता होइन, भारतको जस्तो एक चौथाइ संघीयतामात्रै हो जहाँ जनमत संग्रह माग गरेर देश विखण्डन गर्न पाइँदैन । तर यसको ठीक विपरीत संघियताको सोच र कार्यान्वयनसँगसँगै कौडीको मूल्यमा भारतीय नागरिकहरुले आम रुपमा नेपाली नागरिकता पाएका कारण यी भारतीय आप्रवासीहरुहरु नै तराईको विखण्डन गरी भारतमा गाभ्नुपर्ने माग उठाइरहेका छन् र दुई तिहाई बहुमतको संघीय सरकार कानमा तेल हालेर बसेको छ । यसले गर्दा कतै संघीयताकै कारण देश विखण्डनमा जाने त होइन भनेर राष्ट्रवादी जनता चिन्तित हुन थालेका छन् ।

हो, निश्चय नै संघीय प्रणालीमा स्रोत पहिचान, स्रोत संकलन, स्रोत परिचालन र परिचालित स्रोतबाट खडा गरिएका संरचनाको संरक्षण गर्ने प्रथम अधिकार स्थानीय सरकारलाई हुन्छ नै । तर त्यसको नाममा जनतालाई बोझ हुने गरी कर थोपर्ने र त्यसरी जम्मा भएको राजश्व निर्वाचित पदाधिकारीको सुख, सयल सुविधामा खर्च गर्ने जुन खतरनाक प्रवृत्ति देखा परेको छ त्यसले जनताको लागि नागरिक नजिकको सरल, सुलभ र सस्तो प्रशासन हुनुपर्दछ भन्ने संघीयताको मर्मको खिल्ली उडाएको परिप्रेक्ष्यमा जनताहरुमा संघीयता विरोधी भावना दिन परदिन बढ्दै गइरहनुलाई अन्यथा ठान्न मिल्दैन ।

संघीय व्यवस्थामा संघीय सरकारले हेर्ने भनेको ६ वटा मन्त्रालय गृह, रक्षा, परराष्ट्र, वाणिज्य आपूर्ति (अन्तर्राष्ट्रिय व्यापार) अर्थ र यातायात संचार मात्रै हो । त्यसभन्दा बाहेकका सबै क्षेत्रगत कार्य जस्तो शिक्षा, वनजंगल, कृषि सिचाइ, उर्जा, वातावरण, उद्योग, श्रम, सामाजिक कल्याण (महिला युवा वृद्ध अपांग), विज्ञान प्रविधि जस्ता क्षेत्रहरु प्रदेश र स्थानीय सरकारको मातहतमा राख्नुपर्दछ । सो नगरी पशुपक्षी, खानेपानी सरसफाइ मन्त्रालय लगायतका संसारमा कहीँ नभएका मन्त्रालयहरु संघस्तरमा राख्दा प्रदेश सरकारले काम नपाई झिंगा मारेर बस्नुपर्ने अवस्था आएकै कारण सबै प्रदेशका मुख्य मन्त्रीहरु संघीय सरकार विरुद्ध एकबद्ध भई मुठभेडमा उत्रेका छन र त्यसलाई नाजायज भन्न पनि मिल्दैन ।

राजतन्त्रसँगै सामन्ती व्यवस्था, सुविधाभोगी अनि विलासीपनको अन्त्य हुन्छ भन्ने जनताले जुन विश्वास गरेका थिए, त्यसको ठीक विपरीत गणतन्त्रका नेताहरुमा सादगीपन नहुनु अनि उनीहरुमा परिवारमोह, स्वेच्छाचारिता, सुविधाभोगीपना र निरंकुशता देखिनुले गणतन्त्र जनताको दैनिकी जीवनमा घुल्न सकेको छैन । संघीयताको पक्षमा बोल्नेहरु निरीह देखिन थालेका छन् ।

पंचायत व्यवस्था भएको बेलामा जुन असंलग्न परराष्ट्र नीतिले देशले अंगिकार गरेको थियो, त्यसले अन्तर ाष्ट्रिय जगतमा नेपालको शीर उँचो गरेको थियो अनि त्यसैको कारण नेपाली सीमा निरन्तर मिचिने, छिमेकीहरुले सानो भनेर नेपाललाई हेप्ने जस्ता प्रवृत्तिहरु त्यति सुन्नमा आउँदैनथ्यो तर गणतन्त्रको आगमनसँगै नेपालको स्वतन्त्र परराष्ट्र नीति यति फितलो सावित भयो कि भारतीय सेनाको जनरलले नेपाल भारतको अधिनस्थ राज्य हो भनेर खुलारुपमा भन्ने तागत देखाइसकेको अवस्थामा पनि सरकार चुप छ । के नेपालका गणतन्त्र नायकहरु भारतका कठपुतली भएकै कारण यस्तो भएको त होइन भनेर राष्ट्रवादी नेपाली जनताले औंलो ठड्याउन थालिसकेका छन् ।

यी माथि गरिएका विश्लेषणको आधारमा संविधान जति कार्यान्वयनमा अगाडि बढिरहेको छ, त्यति नै मात्रामा यो असफलतातर्फ उन्मुख भएको स्पष्टै अनुमान लगाउन सकिन्छ । यस्तो स्थितिबाट देशलाई कसले जोगाउने हो केही थाहा छैन । जनताले बनाएको संविधान असफल हुनु भनेको राम्रो लक्षण होइन । यो कि निरंकुशताको पुनरावृत्ति कि राष्ट्रियता र राष्ट्रिय स्वतन्त्रताको पतनको द्योतक हो । कार्यान्वयनसँगै संविधान असफलतातिर लाग्दैछ सावधान ।

# चुरे सुरक्षामा ध्यान दिउँ, तराई जोगाऔं



**जगदीश लामिछाने**
रौतहट, पौराई

मेची महाकालीमै पनि नेपालको प्यारो तराई चुरेको काखमै छ । हिमालयले हेरी हाँसेकै छ । विशाल नेपालको टिस्टा सतलजमै चुरे पहाडको हालीमुहाली नै छ । यसै बेला प्रधानमन्त्री केपी ओली समृद्धिको नारामा त्यही चुरे पहाडको रुवाईतर्फ आँखा चिम्लिएको धेरै भयो । पूर्व राष्ट्रपति रामवरण यादवका पालाको चुरे संरक्षण कछुवा गतिमै अझै अपांगतातर्फ लम्कँदैछ । हामी छिमेकीसहित मरुभूमिकरणतर्फ बढ्दैछौं । देशको एकमात्र वन तथा वातावरण मन्त्रालयले आफूले रोप्ने र हुर्काउने कुरै नगरेर एक रुख बराबर २५ रुख रोप्ने आदेश मात्र दिएर जैविक विविधतातर्फ आँखा चिम्लेर रुख काटी द्रुतमार्ग र निजगढ अन्तर्राष्ट्रिय हवाई अड्डाका लागि लाखौं रुख फाड्न स्वीकृति दिएको छ । वन तथा वातावरणले रोप्ने स्थान नदिएर चुरेको रुवाई झन् बढाइदिएको छ ।

तर धन्यवाद छ ती विद्वानहरुलाई जसले देशका लिम्पियाधुरा कालापानी आदि किन नापेनौ भनी नेपाली नापी विभागलाई हप्काए र वर्तमान प्रधानमन्त्री केपी ओलीले तथ्यका आधारमा नापी गर्नु भन्न लगाए । यसैले त २०५३ देखि विशाल नेपालतर्फ कलम चलाई साप्ताहिक दिव्य चक्षुको विद्रोही स्वर स्तम्म लेखमा स्याबास अंग्रेजबहादुर मोहनशमशेर २०५३।१२।७ मा साप्ताहिक स्तम्भ लेख यो लेखकको छापिएको पनि स्मरण गराए । तैपनि प्यारो चुरे तथा तराईको रुवाई घटेको छैन । जैविक विविधताको संरक्षण भएको छैन । यो सम्पूर्ण देशको मरुभूमिकरण रोक्ने किसिमको योजना चालू नै भएको छैन । सत्तामा शक्ति हुँदोरेछ । यसैले यस्तो भयो ।

केही तथ्य हेरौं । उत्तरी चीनले आफ्नो तिब्बतमा रेल कुदाएर कैलाशपर्वतको दक्षिणी पाखोको सतलज हाम्रो पश्चिम सीमा हुने नदी संरक्षणको सुरक्षा गर्ने छाँट आएको छैन र त्यही तल मानसरोवर पूर्वबाट बग्ने पूर्वको ब्रह्मपुत्रको याद गरेको झल्को आएको छैन । आफ्नै रेसम मार्गको खोजीमै चीन रुमल्लिएको छ किनभने उसैको दक्षिण पर्ने नेपालको मेलम्चीको पानी काठमाडौं ल्याउँछु भनी निकै अघि सुरु गरेको योजनामा सो नदीमा पानी आधा घटिसकेको छ । हिमालयको हिमाल कालो कालो हुँदै गएको छ । श्री ५ महेन्द्रले लगाएका नेपाली स्याउ अब फल्न छोडेको दुःख हामी भोगिरहेछौं । त्यति मात्र होइन, सगरमाथा मनिबाट रेल छिराउँ कि लिपुलेखबाट भारत जाने बाटो बनाउँ कि भन्न चीन पनि नेपालसँग सोध्न छाडेको छ । गतांक २०७५ भदौ २२ स्तम्भ लेखमै वेदना पोखिएकै छ । राम्रो छनक छैन भन्ने साइवेरियाबाट आउने कन्याङकुरुङ ताँती घटेकोबाट पनि बुझ्नुपर्ने भएको छ । पूर्वको अरुण हालत पनि यस्तै छ ।

अब जाउँ नेपालतर्फ । पूर्वको बराह क्षेत्र मनि कोशी नदी थुनिएको ठाउँ अर्नाहरु बढ्दै गएर अहिले चितवन सारिएको छ । किनभने त्यहाँको बाघ आदिलाई आहारा प्रजाति कम हुँदा काम लाग्छ कि भन्ने पनि हो । पश्चिम बर्दिया राष्ट्रिय निकुञ्जमै पनि गैडा सारिँदैछ । थोरै भए पनि चीन आदिका चराहरु मौसम मौसममा बढेकै छन् । जैविक मार्गभन्दा उत्तर अथवा दक्षिण क्रमशः महेन्द्र राजमार्ग रेल आदि दक्षिण हुलाकी राजमार्ग बनिरहेकै छ । भनेजस्तो काम नभएको खेतीयोग्य तराई पहाडको जग्गामा घर आदि निर्माण रोक्नुपर्ने हो । त्यो पनि हुँदैछ । सबै जातजातिहरु तराई पहाड हिमालमा सर्वजातीय मिलेर बस्नमै तल्लीन हुँदैछन् । अहिले द्रुतमार्ग र तराईमा अन्तर्राष्ट्रिय दोस्रो हवाई मैदान नभई भएको छैन । त्यहाँ जैविक तथा पशुपक्षीको सुरक्षा वातावरण सरकारले बनाउन किन अल्छी गर्‍यो ? त्यो काम चुरे पूर्वदेखि पश्चिम पूर्ण सुरक्षित गरिदिए तराईले मरुभूमि हुनु पर्दैन भन्ने हो । त्यो समन्वयपूर्वक हुनुपर्ने थियो । नेताहरुसँग शक्ति रह्यो जनता निरीह भए । यसो भन्दैमा तराई मरुभूमि हुन दिनुहुन्छ त ? किमार्थ हुँदैन, त्यसैले...

(१) तराईलाई मरुभूमिकरण हुन नदिन नेपाली कांग्रेस र सम्पूर्ण कम्युनिस्ट विचारधारा राख्नेले विशाल नेपाल चेतना सगर्व घोषणा गरिदिन कुनै कन्जुस्याइँ नगरी ऐक्यबद्ध हुने ।

(२) नदी प्रणाली विद्युत योजनाहरु बुढीगण्डकी कुलेखानी आदि जस्तै जलाशययुक्त गर्दै लैजाने । अहिले त्रिशुली पनि यस्तै गरिएकै छ ।

(३) चुरे दोहन पूर्णत बन्द गरी प्राचीन भित्री मधेस जस्तै राखी नेपाल नापी विभागलाई नै जिम्मा दिई वन वातावरण सीमा बन्देज गरी जंगली जन्तुको फेदी विचरण खुलाइदिने र आवश्यक परे बस्ती हुलाकी राजमार्गतिर सार्न स्थानीयले सहयोग गरी आफ्नै सुरक्षा आफूले नै गर्न जनतालाई सम्झाउने ।

(४) पूर्व पश्चिम रेल निजगढबाट उत्तर बुदुने पुगेर पश्चिम हेटौंडा भई बुटवल लागेमा चितवन राष्ट्रिय निकुञ्ज सुरक्षित हुनेछ । यत्ति गर्नैपर्छ । वीरगन्ज काठमाडौं रेल पनि कलैया भएर आउन राम्रो हुन्छ ।

(५) नाम कम्युनिस्ट भए पनि सुरक्षित र अधिकार सम्पन्न सर्वोच्च अदालत बनाई प्रजातान्त्रिकलाई ढिपीतन्त्र हुनबाट रोकौं । भर्खरै दुवै संघीय निर्णय मौलिक १५ कानुन राम्ररी पालना गरौं । निर्मला हत्यामा जस्तो देशव्यापी विरोध हुने वातावरण सरकारको आफ्नै कारणबाट हुन दिनु भएन । विविधतायुक्त वन संरक्षण हुनैपर्छ । चुरे जोगिनै पर्छ ।

## स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू

**मनसुन**

# जोसेफ स्टालिन–१६

यो प्राणी अत्यन्तै संवेदनशील हुन्छ तसर्थ यसलाई आत्मिक शान्तिको खाँचो पर्छ । हरेक मानिसमा आत्मिक शान्ति छाउन सर्वप्रथम उसका भौतिक आवश्यकताहरू पूर्ति हुनुपर्छ । मानव जातिलाई आवश्यक पर्ने भौतिक वस्तुहरू दुई प्रकारका हुन्छन् ।

पहिलो–वास, गाँस, कपास, शिक्षा,स्वास्थ्यजस्ता अत्यावश्यक वस्तुहरूउत्पादनका साधन चलाएर प्राप्त हुन्छन् । र, यो कुनै पनि मानिस (बालबालिका, युवायुवती, वृद्धवृद्धा, पुंसक, नपुंसक आदि) लाई दैनिक खाँचो पर्छ ।

दोस्रो हो यौन, जुन कुरा दुई विपरीत यौनाङ्गहरूबाट पूर्ति हुन्छ । तर यो सबै मानिसलाई सधैंआवश्यक पर्दैन, विशेषतः बालबालिका, वृद्ध र नपुंसकहरूलाई । र, युवा अनि तमाम पुंसकहरूलाई पनि दैनिक आवश्यक पर्ने कुरा होइन यो ।

माथिका दुई भौतिक वस्तुहरू कुनै पनि मानिसलाई समयमा र आवश्यकताअनुसार प्राप्त हुनुपर्छ । त्यसो नभए उनीहरूको मानसिक र शारीरिक विकासमा अवरोध पैदा हुन्छ र विकृति पनि जन्मनसक्छ । यसलाई विस्तृत रूपमाभन्नुपर्दा खाना, कपडा, आवासजस्ता कुराहरू सरल रूपले प्राप्त नभएमा मान्छेले ठगी, चोरी, डकैती, लुटपात र हत्यासम्म गर्न सक्छ । यौन तृप्ति पूरा नभएमा पनि मान्छेले बलात्कार, बालअपराध, बहुविवाह, अपहरण र हत्या पनि गर्न सक्छ । यस्ता कुरा विशेषतःपुरूषहरूबाट भएका देखिन्छन् ।यीभौतिक वस्तुहरू पहिलो अर्थशास्त्रअन्तर्गत पर्छन् र दोस्रो समाजशास्त्र ।यीदुई कुराका आधारमै असली राजनीति र सांस्कृतिक व्यवस्था खडा हुन्छ ।

एक स्वस्थ विवाहित महिलाको श्रीमान् शारीरिक रूपले कमजोर भएमा, लामो समयसम्म बिरामी भएमा, वर्षौं घरदेखिटाढा रहेमा, मृत्यु भएमा वा अनेक कारणले श्रीमान् र श्रीमतीको भेट नभएमापनि ती महिलाका प्राकृतिक यौन अवयवहरू निस्क्रिय हुँदैनन्, जैविक क्षमता नष्ट हुँदैन ।ठीक त्यसरी नै एक स्वस्य विवाहित पुरूषकापनि यौन अवयवहरूश्रीमतीको शारीरिक-जैविक अशक्तताकाकारण निस्क्रिय हुँदैन । एकनिष्ठ विवाहको सामाजिक मान्यताअनुसार स्त्री, पुरूषजोकोहीले आआफ्नो पतिपत्नीबीचमात्र सहवास गर्नुपर्छ । अन्यथा त्यो अपराध, अनैतिक, चारित्रिक कमजोरी, पतित, भ्रष्टजस्ता थुप्रै विशेषणहरूले विभूषित हुन्छ ।


प्राकृतिक वा जैविक नियमले भन्छ– आवश्यक पर्दा विपरीत लिङ्गीसँग सहवास गर्न सक्छौ ! तर मानवीय कृत्रिम नियमले भन्छ– खबरदार !नारी र पुरूषबीचको मिलनले मात्र हुँदैन, समाजले श्रीमान् र श्रीमतीको मान्यता दिएकादुई विपरीत लिङ्गीबीच मात्र हुनुपर्छ । कुनै पनि मानिसको नैतिकता प्रकृति, समाज, जनता, देशप्रति उसको इमानदारी, नम्रता, सेवा, प्रेम, स्वाभिमान र आचरणबाट बनेको हुन्छ ।तर वर्तमान समाजमा कुनै पनि मानिसको नैतिकताको सबभन्दा महत्त्वपूर्ण वा निर्णायककसी 'यौनसमागम' लाई मानिन्छ । राजनीतिक क्षेत्रमा त यसलाई ठूलो हतियारको रूपमै प्रयोग गर्ने गरिन्छ राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा ।तर वास्तविकता के हो भने एकनिष्ठ पारिवारिक पद्धति नै मानव प्रकृतिअनुरूप छैन ।त्यसै कारण दृढ मनोबलका अपवादबाहेकधेरैनारीपुरूष त्यसलाई उल्लङ्घन गर्छन् । तर लुकीछिपी हुने भएकाले यस्तो कुरा जति बाहिर थाहा हुन्छ, त्यसको धेरै गुणागुपचुप नै रहन्छ । जनसाधारण मात्र नभई नेता, साहित्यकार, विद्वान्, समाजका जोकोही सम्मानित वा प्रतिष्ठित व्यक्तित्वहरूसमेत त्यस्तो कुरामा संलग्न देखिनु यसको ज्वलन्त प्रमाण हो ।

नेपालजस्ता सामन्तवादी संस्कार र संस्कृति व्याप्त भएका मुलुकहरूमा आज पुरूष मरे पनि उनीहरूको अस्तित्व रहन्छ तर नारीहरूजीवित भए पनि अस्तित्व सकिन्छ । किनभने श्रीमान्मरेपछि श्रीमतीलाई जीवनसाथीको आवश्यकता हुँदाहुँदै पनि 'पतिव्रता' रहन यो समाजले तिनलाई घेर्छ ।तर नारीहरूजीवित अवस्थामालोग्नेले तिनलाई घरबाट निकाल्न सक्छ र अर्को विवाह पनि सजिलै गर्न सक्छ । यो पितृसत्तात्मक समाज कतिसम्म क्रूर छ भने एक पुरूषले पाँचपटक विवाह गर्दा पनि ऊ अझै सम्मानित मानिन्छतर विवाहित नारीले कारणवश पुनर्विवाह गर्नुपरे तिनको अस्तित्व आधाभन्दा बढी घट्छ, तिनी दोस्रो श्रेणीमा पर्छिन् । अझ ती नारीबाट जन्मिएका बालबच्चा तेस्रो दर्जामा पर्छन् । यसरी एकनिष्ठ परिवार नारीवर्गका निम्ति ज्यादै घातक छ ।

*क्रमशः*

# मैले देखेको चौंसठ्ठीऔं विश्व सम्पदा :
# फिनलैण्डको टुर्कुको भार्टीभुओरी Observatory र बगैंचा

सुरेन्द्र ढकाल


Observatory को पुरानो चित्र यस्तो रहेछ


पार्कमा पिकनिक मनाइरहेको अवस्था


परबाट हेर्दा Observatory यस्तो देखिन्छ


टुर्कोको Observatory अगाडि सुरेन्द्र सन् १९८९ मा


भार्टीभुओरी पार्क ग्रिष्म ऋतुमा पूरै हरियाली देखिँदोरहेछ

टुर्कुको क्याथेड्रलमा लामै समय बिताएर निस्कँदा दिनको दुई बजेको थियो । त्यसपछि यानाले भार्टीभुओरी **Observatory** हेर्न जाने कि भनेर सोधिन् अनि मैले पनि हुन्छ भने र हामी दुवै त्यतैतिर लाग्यौं ।

### भार्टीभुओरी Observatory र बगैंचा

यो **Observatory** लाई पहिले टुर्कुको रोयल एकाडेमी भन्दा रहेछन् । यसको भवन सन १८१९ मा नै बनेको रहेछ । फिनलैण्डको सबैभन्दा पुरानो भवनमा गनिने यो **Observatory** को डिजाइन जर्मन आर्किटेक्ट कार्ल लुडभिग एञ्जेलले गरेका रहेछन् । यसको वास्तुकला फिनलैण्डको राजधानी हेलसिन्कीमा रहेको **Helsinki University Observatory** र रसियाको लेनिनग्राद (सेन्ट पिटर्सवर्ग) मा रहेको **Pulkovo Observatory** जस्तै छ भन्दा रहेछन् । किनकी उक्त दुवै *Observatory* एञ्जेलनै डिजाइन गरेका रहेछन् । यो टुर्कुको भार्टीभुओरी पहाडको टुप्पामा रहेको हुँदा त्यसै पहाडको नामबाट यो *Observatory* को नाम राखेको रहेछ र अग्लोमा अवस्थित भएको कारण टुर्कु शहरको सबै ठाउँबाट यो *Observatory* देखिँदो रहेछ। यहींबाट फिनलेण्डका खगोलशास्त्रीहरुल फिनलैण्डमाथिको आकाशमा देखिने तारा र ग्रहहरुको अवलोकन र अध्ययन गर्ने गर्दा रहेछन् । सन् १८२७ मा टुर्कुमा भएको ठूलो आगलागीबाट बचेको यो **Observatory** को भित्री भाग जहाँ पुरै सौर्य प्रणाली हेर्न मिल्दथ्यो, त्यसको निर्माण भने जर्मन खगोलशास्त्री फ्रिडरिख विलहेल्म आर्गेलाण्डर सन् १८२७ मा नै बनाएका रहेछन् । आगलागीपछि यो **Observatory** लाई हेलसिन्की लगी सन १८६७ सम्म यो भवन खाली राखिएको रहेछ  र सन १९८६ देखि यहाँ सामुद्रिक म्युजियम राखिएको रहेछ। चट्टानै चट्टान भएको यस सानो डाडामा पछि  पार्क बनाउने उद्देश्यले ७० विभिन्न जातका रुखहरु लगाइएको रहेछ र सबैभन्दा पुरानो भनेको १०० वर्ष अगाडिसम्मका रुखहरु रहेछन् भने यसको क्षेत्रफल ७१६४७ वर्गमिटर रहेछ । फिनलैण्डमा रहेका स्वेडिस भाषा बोल्ने विद्यार्थीहरुले सन् १९१९ को मे पहिलो दिन पिकनिक आयोजना गरी धुमधामसँग मनाएको कारण यस ठाउँ त्यसबेलादेखि ग्रिष्मयाममा पिकनिक मनाउने थलोको रुपमा विकास भएको रहेछ । टुर्कु शहरको नजिकै भिरालो डाँडामा अवस्थित यस पार्कमा हामी पुग्दा धेरै परिवारहरु पिकनिक मनाइरहेको देखियो ।

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**Office Equipment Problems?**
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

## अम्बाका फाइदा



- झाडापखाला हुँदा ३० ग्राम अम्बाको पात र एक मुठी चामलको पिठोमा दुई गिलास पानी हालेर उमाली दिनको दुईपटक पिउँदा सन्चो हुन्छ ।

- अम्बा अत्यन्त स्वादिलो फल हो । यसमा आयुर्वेदिक औषधीय गुण पनि हुन्छ । फल मात्र नभएर यसको पात पनि औषधिका रूपमा प्रयोग गरिन्छ । (अम्बामा प्रशस्त मात्रामा आइरन र हेमोग्लोबिन पाइन्छ । काँचो र पाकेको दुवै अवस्थाको अम्बा स्वस्थकर हुन्छ । आधा पाकेको अम्बाले पेटसम्बन्धी रोगका लागि फाइदा पु(याउँछ । पाकेको अम्बाले तागत बढाउनसमेत मद्दत गर्छ ।
- त्यसैगरी, पेट सफा गर्न, दाँतलाई बलियो बनाउन र भोक जगाउन अम्बा सेवन गर्दा हुन्छ । यसमा भिटामिनको मात्रा पनि प्रशस्त हुने भएकाले रोगसँग लड्ने क्षमता बढाउँछ ।
- दम, खोकी, वायु, गोला हुँदा यसको सेवन गरिन्छ । पेटमा चुर्ना परेका वेला, टन्सिल हुँदा यसको पात र बोक्राको प्रयोगले फाइदा गर्छ । साथै, आउँरगत हुँदा पनि यसको प्रयोगले निको पार्छ ।
- झाडापखाला हुँदा ३० ग्राम अम्बाको पात र एक मुठी चामलको पिठोमा दुई गिलास पानी हालेर उमाली दिनको दुईपटक पिउँदा निकै सन्चो हुन्छ । (मधुमेहका रोगीलाई अम्बाको पातबाट बनेको चिया फाइदाजनक हुन्छ । यसले रगतमा चिनीको मात्रा कम गराउँछ । अम्बाको पातले कार्बोहाइड्रेटमा पाइने स्टार्च चिनीमा बदलिने प्रक्रियालाई रोक्ने हुँदा तौल घटाउन मद्दत गर्छ ।
- डाइजेस्टिक इन्जाइमलाई बढाएर खाना पचाउन मद्दत गर्छ । यसले पाचन प्रणालीमा सहयोग पुग्छ । अम्बाको पातको रस पिउँदा कपाल बलियो हुनुका साथै छाला नरम बनाउँछ ।
- अम्बाको पातमा एन्टिसेप्टिक गुण पाइने हुनाले डन्डिफोर हटाउन मद्दत गर्छ । अम्बाको ताजा पातलाई पिसेर डन्डिफोर भएको ठाउँमा लगाउनुपर्छ । नियमित रूपमा यसको प्रयोगबाट बिस्तारै डन्डिफोरको समस्याबाट मुक्ति पाउन सकिन्छ ।

## करेला एक प्रयोग अनेक



करेलालाई हामीले दैनिक तरकारीको रूपमा खाने गर्छौंतरआजकाल औषधिको रूपमा प्रयोग हुन थालेकोछ।करेला अधिक खाँदा ब्लड सुगर कम हुन्छ भने अर्कोतिर यस्ले ब्लड प्रेशरलाई पनि नर्मल गराउदछ । आजको लेखमा मैले पत्थरीमा करेलाको प्रयोग कसरी गर्ने भन्ने बारे जानकारी दिने प्रयत्न गर्दै छु । यो कुरा केहि लाई जानकारी नहुन सक्छ ।

**प्रयोग गर्ने तरिका**

करेला हामीले खान्छौं तर पात भने हामीले प्राय फाल्छौं । करेलाको पातलाई राम्रो संग कुटेर रस निकाल्ने ४ चम्चा जति करेलाको पातको रसमा २ चमच जति दही मिलाएर पथरीको रोगीलाई खान दिने र मोही आधा कप जति पिउने । तिन दिन विहान प्रयोग गरेपछि तिन दिन बन्द गर्ने । चार दिन प्रयोग गरेर चार दिन बन्द गर्ने । क्रमस ५,६,७, गर्ने यदि चनाको गेडा जत्रो पथरी फाल्छ ।

**२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरू**
- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य संवाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचारपत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झूटा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# बहुगुणी मेथीका फाइदा

मेथी साग तथा मसलाको रूपमा प्रयोग गरिने वनस्पति हो । मेथी भान्सामा नियमित प्रयोग हुने मसलारुपी खाद्य पदार्थ हो । आयुर्वेदमा मेथीलाई बहुगुणी औषधीको रुपमा प्रयोग गर्ने गरिन्छ । प्राचिन कालदेखि नै यसको औषधीय गुणका कारण तरकारी तथा औषधीको रुपमा यसको प्रयोग गरिंदै आएको छ ।

मेथीको दाना र मेथीको साग नै स्वास्थ्यका लागि निकै फलदायी हुन्छन् । यहाँ हामी मेथीका सागका र मेथीका दानाको स्वास्थ्यमा पर्ने फाइदाका बारेमा जानकारी दिन गइरहेका छौँ ।

मेथीको दानामा आइरन, क्याल्सियम, म्याग्नेसियम, पोटासियम, सोडियम, जिंक, फोस्फरोस, फोलिक एसिडजस्ता मिनरल्सका साथै भिटामिन ए, बी र सी पनि पाइन्छन् । यसका साथै, यसमा भरपूर मात्रामा फाइबर्स, प्रोटिन, स्टार्च, सुगर, फस्फरोस एसिडजस्ता पौष्टिक तत्व पाइन्छ । मेथीको दानामा अत्यधिक पौष्टिक तत्व पाइन्छन् । यसलाई राति भिजाएर बिहान खाली पेटमा मज्जाले चपाएर खाँदा र यसको पानी पनि पिउँदा विभिन्न स्वास्थ्य समस्यालाई समाधान गर्न फाइदा पुऱ्याउने गर्दछ ।

**यस्ता छन् बहुउपयोगी मेथीका फाइदाहरू –**

**१. मोटोपनको नियन्त्रण**

मेथीमा उच्च मात्रामा फाइवर हुन्छ । यसले पाचन प्रणालीमा सहयोग गर्छ । यसले शरीरलाई चाहिनेभन्दा बढी क्यालोरी पनि कम गरिदिन्छ । बिहान एक गिलास मेथीको पानी पिउनाले शरीरलाई अत्यन्तै फाइदा गर्छ ।

**२. चम्किलो छाला**

अनुहार चम्किलो पार्न मेथी चाहिने चिज हो । मेथीको दानाले शरीरमा रहेका विभिन्न फ्रि रेडिकल्सलाई बाहिर निकाल्छ ।

मेथीको दानाको पेस्ट बनाएर लगाउँदा अनुहारमा रहेका काला घेरा र अन्य समस्या समेत हट्छन् । यसले छालाको कलर टोन बढाउँछ एवं मृत तन्तुहरु हटाउँछ । त्यसकारण अनुहार चम्किलो देखिन्छ ।

**३. पाचन प्रणालीमा सुधार**

मेथीको सेवनले पाचन प्रणालीलाई राम्रो तुल्याउँछ । यसले पेट पोल्ने र अन्य समस्या समेत हटाउँछ । पाचन सम्बन्धी कुनै पनि समस्या भएको ब्यक्तिका लागि मेथीको सेवन अत्यन्तै फाइदाजनक हुन्छ ।

**४. सुगरको नियन्त्रण**

मेथीको सेवनले रगतमा हुने सुगर लेवल पनि नियन्त्रित हुन्छ । मेथीमा हुने एमीनो एसिडले प्याङ्क्र्याजमा हुने इन्सुलिनको प्रभाव बढाउँछ र यसले रगतमा हुने सुगरको मात्रा नियन्त्रण गर्छ । यसैले मधुमेहका रोगीहरुलाई पनि मेथी सेवन राम्रो मानिन्छ ।



**५. मृगौलाका लागि राम्रो**

मेथीको सेवनले मृगौलालाई पनि स्वस्थ राख्छ । मेथीमा हुने तत्वले पत्थरीको समस्या हुनेलाई समेत फाइदा गर्छ । यसले भित्रका विकार पिसाबको माध्यमबाट बाहिर निकाल्छ ।

**६. ज्वरो नियन्त्रण**

यदि तपाईंलाई ज्वरो आएको छ भने एक चम्चा कागतीको रशमा मह र मेथी मिसाएर खाँदा ज्वरो घटछ । यसले आराम अनुभव गराउँछ । यसले घाँटीमा हुने खस खस पनि हटाउँछ ।

**७. महिलालाई उपयोगी**

मेथीले महिलामा स्तन वृद्धि गर्न सहयोग गर्छ । यसले महिलाले बच्चालाई खुवाउनका लागि दूधको उत्पादन पनि बढाइदिन्छ । महिलामा हुने विशिष्ट समस्यामा मेथीले औषधीको काम गर्छ ।

**८. कपाल झर्न रोक्छ**

मेथीको दानामा कपाललाई मजबुद गर्ने क्षमता हुन्छ । यसमा प्रोटिन र निकोटिनिक एसिडको मात्रा उच्च हुन्छ जसले हाम्रो शरीरलाई पनि ऊर्जा दिन्छ । यसको पेस्ट बनाएर नरिवल वा जैतुनको तेल मिलाएर कपालमा लगाउँदा यसले कपाल झर्न रोक्छ ।

**९. चायाबाट मुक्ति**

मेथी चायाँका लागि अचुक औषधी बन्छ । टाउकाको छाला सुख्खा भएर समस्या भयो भने मेथी त्यसका लागि सरल घरेलु उपाय हो । मेथीमा दही मिसाएर पेस्ट बनाएर यसलाई कपालको जरासम्म पुग्ने गरी लगाएर अलि अलि मसाज गरी ३० मिनेटपछि धुनाले चायाँका समस्या तत्काल समाधान हुन्छ ।

**१०. डन्डीफोर नियन्त्रण**

मेथीका दाना डन्डीफोर नियन्त्रणका लागि पनि निक्कै उपयोगी मानिन्छ । यसले छालाको एमिडर्मिस तहमा रहेको टक्सिनलाई निकाल्छ र डन्डीफोरको दाग समेत हटाइदिन्छ । डन्डीफोरले दिक्क पारेको छ भने मेथी अचुक औषधी हो । मेथीका दाना पिसेर पेस्ट बनाउने अनि थोरै मह हालेर मेथी र महको पेस्ट सुत्नुअघि अनुहारमा लगाउने अनि विहान उठेर चिसो पानीले धुने डन्डीफोरको समस्या समाधान हुन्छ ।

**मेथीको साग पनि उपयोगी**

१. मेथीको साग वा मेथीको दानाको चुर्ण प्रतिदिन खाँदा वजन नियन्त्रण हुन्छ साथै बोसोको मात्रा बिस्तारै कम हुँदै जान्छ ।

२. मेथीको सेवनले जोर्नीको दुखाईबाट मुक्ति दिन्छ । यसको बिउ होस वा पात, दुवैले जोर्नीको दुखाईलाई समानरुपले हल गर्छन् ।

४. मेथीको हरियो पातको तरकारीमा प्याज हालेर खाँदा रक्तचापको समस्याबाट छुट्कारा पाउन सकिन्छ । न्यून रक्तचाप हुनेहरुका लागि पनि मेथीको मसलावाला सागले फाइदा पुऱ्याउँछ । खासगरी अदुवा र गरम मसला यसमा लाभकारी हुन्छन् ।

५. बारम्बार पिशाब आउने समस्यामा मेथीको पातको रसले निकै फाइदा पुग्छ । दैनिक यसको सेवनबाट तपाईको समस्या बिल्कुल समाप्त भएर जान्छ ।

६. मेथीको साग नित्य सेवन गर्दा मुटुसम्बन्धी रोगलाई नजिक आउन दिँदैन । यसले हृदयघातको सम्भावनालाई निमिट्यान्न बनाउँछ र तपाईं आफ्नो मुटुलाई पूर्णरुपमा स्वस्थ राख्न सक्नुहुन्छ ।

८. पेटमा किरा परेको बेलामा पनि मेथीले एउटा सटिक औषधिको काम गर्छ । अधिकांश बच्चामा यो समस्या देखिन्छ । यस्तोमा मेथीको पातको रस निकालेर बच्चालाई प्रतिदिन एक चम्चा खुवाउनुपर्छ ।

९. धेरैजसो मानिसहरुलाई पेटसम्बन्धी समस्या हुने गर्दछ । जसमध्ये कब्जियत र ग्यास्ट्रिक प्रमुख हुन् । मेथीको हरियो साग खानाले पाचनतन्त्रले सुचारुरुपमा काम गर्नुका साथै कब्जियत वा ग्यास्ट्रिक जस्ता समस्याबाट छुट्कारा दिलाउँछ ।

कविता

# तिमी ठोक



● प्रेम ओली (ढकलपुरे)

जे मन लाग्छ ठोक
जस्तो मन लाग्छ ठोक
हामी पनि के कम ?
मन लागे कमेन्ट पोखौंला
नभए लाइक ठोकौंला
सोझो कुरालाई पनि बंग्याएर हाल
रिस उठेकालाई दङगाएर हाल
कुखराको जस्तो कपाल रंगाएर हाल
सुङगुरले जस्तो ओठ बंगाएर हाल
सक्छौ भने अझ आफुलाई नंगाएर हाल
अफिसको कामै छोडेर भए पनि
सके कमेन्ट पनि पोखौला
नभए लाइकका लाइक ठोकौला ।

जनताको काम छुटेछ भने पनि के भो र
आज नभए भोलि आउँछन्
यो बिरोजगारीको देशमा तिनीहरुले पनि
कमसेकम अफिस धाउने काम त
पाउछन
आफ्नी श्रीमतिलाई मिस गरेको हाल
प्रेमिका छ भने किस गरेको हाल
मन नपरेकलाई रिस गरेको हाल
रिस उठेकोलाई ठिस गरेको हाल
कमसेकम फेस बुक आएपछि
हामीले एउटा काम पाका छम
कतै कै गर्न न पाए पनि
फेस बुकमा ठाम पाका छम

मैले कमेन्ट गरे भनेर तिमीसँग कमेन्ट
माग्दैन
तिमीले लाइक नगरे रिसाएर म भाग्दैन
पसलमा ग्राहक आएछन भने पनि
बरु तिनीहरुलाई एक छिन रोकुला
तिम्रो वालमा लाइकका लाइक ठोकुला ।
जुगा पलाको हाल
बारीमा फर्सी भ्यान्टा फलाको हाल
अरु के के पलाको छ हाल
फेस बुक नभएको भए
मनको कुरा बेलुनझै फुलिन्थ्यो
कति युवा बरालिएर भ्यालखानामा थुनिन्थ्यो
फेरि चौबिसै घण्टा फेसबुकमा टासिए पनि
हामी कम्ती धर्म कमा छाम
एउटा गरिबको फेसबूक चलाई दिएर
यसलाई अरबपती त बना छम ।

# किन बढ्छ प्रोस्टेट ?

पिसाब थैली र पिसाब नलीको बीचमा रहेको प्रोस्टेट ग्रन्थीले विर्यलाई आवश्यक पर्ने तत्व उत्पादन गर्छ । ४० देखि ४५ वर्षको उमेरपछि पुरुषलाई प्रोस्टेटको समस्या देखिन थाल्छ । यो उमेर समूहपछि प्रोस्टेटको आकार र वजन बढ्ने हुनाले यसबाट पिसाब र मिर्गौलासम्बन्धी समस्या आउन सक्छ । २० देखि २५ ग्रामसम्मको प्रोस्टेटलाई 'ग्रेड वान' भनिन्छ, जसलाई सामान्य मानिन्छ ।

त्यस्तै, २५ देखि ५० ग्रामसम्मको लागि 'ग्रेड टु' ५० देखि ७५ ग्रामसम्मको 'ग्रेड थ्रि' र ७५ ग्रामभन्दा माथिकोलाई 'ग्रेड फोर' भनी विभाजन गरिएको हुन्छ । प्रोस्टेटका विभिन्न पाँच वटा टुक्रा (लोब) हुन्छन् । कुन लोब कसरी बढ्यो त्यही अनुसार कसरी असर गर्छ भन्ने कुरा पत्ता लगाउन क्लिनिकल जाँचहरु गर्नुपर्ने हुन्छ । प्रोस्टेट बढेपछि हुने समस्यालाई दुई तरिकाले हेर्न सकिन्छ ।

१. इरिटेटिभ सिम्टम्स : इरिटेटिभ सिम्टम्समा छिटो-छिटो पिसाब लाग्ने, पिसाब गर्न असहज हुने वा जलन हुने समस्या देखिन्छ ।

२. अब्स्ट्रक्टिभ सिम्टम्सः पिसाब नलीमा कुनै किसिमको अवरोध आउनुलाई अब्स्ट्रक्टिभ सिम्टम्स भनिन्छ । यसमा पिसाबको धारा मसिनो हुनु, पिसाबको गति कम हुनु र पिसाब फेरिसकेपछि पनि पूरै निख्रिएजस्तो नहुनु, राति धेरैचोटि पिसाब लाग्नु जस्ता समस्या देखिन्छन् । प्रोस्टेटको अवरोधका कारण 'युरिनरी ट्र्याक इन्फेक्सन' (युटिआइ) हुने गर्छ । त्यस्तै, यो समस्या जटिल बन्दै गएमा पिसाबमा रगत देखिनुका साथै किड्नीमा असर पुगी किड्नी फेल हुन सक्छ ।

४० वर्षपछिकै उमेरमा उच्च रक्तचाप, मधुमेह, थाइराइड, मुटुको रोग, दमका रोग, इन्डोक्राइन रोगहरु हुन सक्ने भएकाले प्रोस्टेटको समस्या झन् जटिल बन्दै जान्छ ।

प्रोस्टेट बढ्नुका मुख्य दुई कारण हुन्छन् ।

१. बिनाइन (क्यान्सर नभएको) : बिनाइन संक्रमणका कारण पनि प्रोस्टेट बढ्छ । पुरुषको शरीरमा हुने टेस्टोस्टेरोन हर्मोनमा आउने गडबडीका कारण प्रोस्टेट बढ्ने सम्भावना रहन्छ । यो उमेरसँगै बढेर आउने समस्या हो ।

२. म्यालिग्न्यान्सी (क्यान्सर) : म्यालिग्न्यान्सी हुनुको पहिलो कारण त वंशाणुगत नै हो । त्यस्तै, रेडियोथेरापी गरिएको छ भने पनि यो समस्या आउन सक्छ । कहिलेकाहीँ प्रोस्टेटको क्यान्सर नभई अन्य कुनै क्यान्सरका कारण रेडियोथेरापी दिइएको छ भने पनि म्यालिग्न्यान्सी हुन सक्ने खतरा रहन्छ ।

परीक्षण तथा उपचार विधि

विभिन्न परीक्षणबाट प्रोस्टेटको समस्याबारे थाहा पाउन सकिन्छ । ल्याब टेस्ट गर्नुअघि एक प्रकारको क्लिनिकल जाँच गर्नुपर्ने हुन्छ । जसमा मलद्वारबाट औँला लगेर प्रोस्टेटको जाँच गरिन्छ । यसबाट पनि प्रोस्टेटको आकार थाहा पाउन सकिन्छ । अन्य परीक्षण विधि निम्नअनुसारका छन्।

१. युएसजी (अल्ट्रा सोनो ग्रामर)ः यसबाट प्रोस्टेटको आकार र प्रोस्टेटको कुन टुक्रा कसरी बढेको छ भनेर हेरिन्छ । यसबाट अवरोध भएरनभएको र पिसाब फेरिसकेपछि कति पिसाब बाँकी छ भन्ने कुरा हेरिन्छ । कहीलेकाहीँ चार सयदेखि पाँच सय मिलिलिटरसम्म पिसाब जम्मा भएर आएका बिरामी पनि भेटिन्छन्। यस्तो अवस्थामा किड्नी फेल हुने सम्भावना बढी हुन्छ ।

२. युरोफ्लोमेट्रीः यसमा बिरामीलाई मेसिनमा पिसाब फेर्न लगाइन्छ र पिसाबको धार कस्तो छ? पिसाबको 'फोर्स' कस्तो छ भनेर हेरिन्छ । यसबाट पिसाबको गति थाहा पाइन्छ।

३. पिएसए (प्रोस्ट्याटिक सेन्सेटिभ एन्टिजिन)ः प्रोस्टेटभित्र क्यान्सर भए/नभएको पत्ता लगाउन पिएसए जाँच गरिन्छ । तर, पिएसए बढ्दैमा क्यान्सर भएको छ भन्ने चाहिँ हुँदैन । यो प्रोस्टेट क्यान्सर पत्ता लगाउनका लागि गरिने सामान्य स्क्रिनिङ मात्र हो ।

४. पिसाबको जाँचः पिसाबमा संक्रमण छरछैन भनेर पिसाबको ल्याब परीक्षण गरिन्छ । 'युरिन कल्चर' परीक्षण पनि गर्नुपर्ने हुन सक्छ। यसबाट पिसाबमा संक्रमण छ/छैन भन्ने कुरा पत्ता लाग्छ ।

५. किड्नी जाँचः किड्नी जाँचबाट चाहिँ प्रोस्टेटले किड्नीमा असर गरेको छरछैन भन्ने कुरा पत्ता लगाइन्छ।

यी सबै जाँच गरिसकेपछि यदि बिनाइन प्रोस्ट्रेट हो भने पहिला औषधि चलाइन्छ र त्यसले कुनै काम गरेन भने शल्यक्रिया गर्नुपर्ने हुन्छ । प्रोस्टेटको आकार अनुसार शल्यक्रियाको किसिम पनि फरक हुनेगर्छ ।

१. मोनोपोलार टियुआरपीः पिसाबनलीबाट औजारको सहयोगमा प्रोस्टेट ग्रन्थी खुर्किने विधिलाई मोनोपोलार भनिन्छ । यो करिब ५० वर्ष पुरानो विधि हो । यसमा मेसिनबाट दिइएको करेन्ट मानिसको शरीरबाट निस्कन्छ ।

२. बाइपोलार टियुआरपीः यो विधि पनि मोनोपोलार जस्तै हो। तर यसमा चाहिँ मेसिनबाट मानिसको शरीरमा दिइएको करेन्ट मेसिनमै फर्किनेगर्छ । यो मोनोपोलार टियुआरपीको परिमार्जित विधि हो ।

३. ओपन सर्जरीः बिरामीको पेटको तल्लो भाग चिरेर प्रोस्टेट निकाल्ने विधिलाई ओपन सर्जरी विधि भनिन्छ ।

४. लेजरः यदि बिरामीको प्रोस्टेटको आकार ६० ग्रामभन्दा धेरै छ, बिरामीलाई मुटुमा समस्या छ र रगत पातलो गर्ने औषधि लिइरहेको छ भने 'लेजर सर्जरी' गर्नुपर्ने हुन्छ । यो पिसाबनलीबाट 'रेज' पठाएर गरिने सर्जरी हो। यो विधिको प्रयोग गर्दा शरीरबाट रगत निस्कँदैन।

प्रोस्टेटको सर्जरी गर्दा कहिलेकाहीँ विर्य बाहिर ननिस्कने अवस्था आउन सक्छ । तसर्थ, बच्चाको चाहना पूरा भएकाहरु सर्जरी गरेर यो समस्याबाट छिटो उम्किन सक्छन् । बच्चाको चाहना छ भने चाहिँ औषधि सेवनबाट यसको समस्यालाई कम गर्न सकिन्छ।

प्रोस्टेट क्यान्सर भएको शंका भएमा बायप्सी गरिन्छ । बायप्सीका लागि मलद्वारबाट सानो सुइमार्फत प्रोस्टेटको टुक्रा निकालिन्छ। त्यसबाट पनि क्यान्सर पत्ता नलागेमा 'एमआरआई गाइडेड बायप्सी' गर्नुपर्ने हुन्छ। त्यसपछि क्यान्सरको अवस्था पत्ता लगाई उपचार गरिन्छ। सुरुवाती चरणको क्यान्सर भएमा 'रोबोटिक सर्जरी' गर्न सकिन्छ र पूरै निको हुन्छ । तर, क्यान्सर जटिल अवस्थामा पुगिसकेको भए 'रेडियोथेरापी' र 'केमो मोडुलेसन' गरेरे बिरामीको प्रोस्टेटलाई स्थिर बनाइन्छ । प्रोस्टेट क्यान्सर अरु क्यान्सर जस्तो चाँडो फैलिएर गम्भीर असर पार्दैन । प्रोस्टेट क्यान्सर भएरनभएको थाहा पाउनका लागि समय-समयमा क्यान्सर स्क्रिनिङ गरिरहँदा यसको जोखिमबाट बच्न सकिन्छ ।

visit nepal 2020 Lifetime Experiences

## पर्यटन

# मनोकामना पूरा गर्ने मैतीदेवी

काठमाडौँको मैतीदेवी मन्दिरमा नेवार समुदायका वज्राचार्यहरुले पुस्तौँदेखि पूजा गर्दै आएका छन् । उनीहरु मन्दिरको रेखदेखकर्ता र संरक्षकका साथै पुजारीका रुपमा चिनिन्छन् । मन्दिरको स्थापना वि.सं. ६८५ वर्षमा अंशु वर्माको शासनकालमा भएको मानिन्छ । वर्षौंदेखि मन्दिरमा बिहान तथा साँझ पूजा एवम् भजनकीर्तन हुँदै आएको छ । स्थानीयवासी एवम् पुजारीले यहाँका पूजा तथा अन्य सांस्कृतिक कार्य सञ्चालनको जिम्मा लिएका छन् ।

पुस्तौँदेखि पूजा गर्दै आएका मुख्य पुजारी तीर्थज्योति वज्राचार्य दैनिक सयौँ भक्तजन मन्दिरको दर्शन गर्न आउने भएकाले पूजाको व्यवस्थापन गर्न चुनौती हुने गरेको बताउनुहुन्छ । आफ्ना पुर्खाले गर्दै आएको कामलाई निरन्तरता दिने र जनताको सेवा गर्ने सुवसर पाएकामा आफू भाग्यमानी रहेको उहाँको भनाइ छ । उहाँका पाँच पुस्ताले एक सय २० वर्षदेखि पूजा चलाउँदै आएका छन् ।

दैनिक पूजामा खटिने पुजारीले मासिक तलब रु पाँच सय र पूजा खर्च रु दुई हजार २०० पाउँछन् । मन्दिरमा प्रत्येक महिना सरदर रु दुई लाख भेटी संकलन हुने गरेको पुजारी वज्राचार्यले जानकारी दिनुभयो । विशेषगरी मंगलबार, बिहीबार र शनिबार यहाँ भक्तजनको घुइँचो लाग्ने गर्छ । आफूले चाहना गरेको कुरा देवीसँग माग्दा पूरा हुने भक्तजनको विश्वास रहिआएको छ । करिब पाँच रोपनी क्षेत्रफलमा फैलिएको मन्दिरमा दैनिक बिहान बेलुका गरी ५ सयदेखि ६ सय दर्शनार्थी पूजाअर्चना गर्छन् । त्यसैगरी प्रत्येक वर्ष कुकुर तिहारका दिन यहाँ विशेष मेला लाग्ने गर्छ ।



नियमित रुपमा मैतीदेवीको पूजार्चना गर्दै आउनुभएकी अञ्जु श्रेष्ठले भन्नुभयो, 'यस मन्दिरमा पूजा गर्दा मनमा आनन्द आउँछ, मनले चाहेका इच्छा पूरा हुन्छ ।' उहाँले बाल्यकालदेखि नै सो मन्दिरमा आएर पूजा गर्नुभएको छ ।

नरिवल, लड्डु एवम् अन्य पूजा सामग्रीले पूजा गरिन्छ । मन्दिरमा बडादसैँको नवरात्रिमा पशुबलि दिइँदै आएको छ । एकाबिहानै हातभरि पूजाका सामग्री लिएर पूजा गर्न लाम बसेकी ६५ वर्षीया खिमादेवी सिलवालले मैतीदेवी आफ्नो 'मनकी माता' भएको बताउनुभयो । आफू जन्मेदेखि नै देवीप्रति विश्वास जागेकाले बाँचुन्जेल देवीको मन्दिर आउने प्रणसमेत उहाँले गर्नुभयो ।

बस्तीको बीचमा रहेको सो मन्दिर परिसरमा गर्मीमा पीपलको छहारीमा शीतलता लिने र जाडो याममा घाम तापेर न्यानो लिने खुला स्थान भएकाले पनि थकाइ मार्न र फुर्सदको समय सदुपयोग गर्नेहरु थुप्रै भेटिन्छन् ।

मैतीदेवी मन्दिर मुलुकका विभिन्न क्षेत्रका आन्तरिक तथा विदेशी पर्यटकको पनि आकर्षण बन्दै गएको छ । मन्दिर व्यवस्थापन समितिका सदस्य सचिव दर्शन महतोले गत वर्षको भुइँचालाबाट मन्दिर परिसरमा रहेका पाटी एवम् अन्य संरचना भत्किएकाले यसको पुनःनिर्माणका लागि पहल गरिरहेको जानकारी दिनुभयो । सांस्कृतिक धरोहर मैतीदेवीलाई व्यवस्थित गर्नका लागि भक्तजनले चढाएको भेटी एवम् चन्दा नै मुख्य स्रोत भएको सदस्य सचिव महतोले जनाउनुभयो ।

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# विश्वमा सैन्य अभ्यासको होडबाजी



विष्णु भट्टराई

विश्व समुदायले पृथ्वीमा शान्तिको कामना गरिरहेका बेला ठूला शक्ति राष्ट्रहरु भने सैन्य अभ्यासमा होडबाजी गरिरहेका छन् । जापानको हिरोशिमा र नागासाकीमा अमेरिकाले एटम बम हानेर धर्तीलाई क्षतविक्षत पारेदेखि नै आणविक अस्त्र निर्माणमाथि प्रतिबन्ध लगाउनुपर्ने माग संसारभर उठ्दै आएको छ । यद्यपि विशेषतः संयुक्त राज्य अमेरिकाले देश देशबीच लडाएर वा देशभित्र गृहयुद्ध मच्चाउन लगाएर आफूले निर्माण गरेका हतियारहरु बेचिरहेको छ । अमेरिका आफू आणविक अस्त्र निर्माण गर्छ तर अरुलाई आणविक अस्त्र निर्माण गरेको भन्दै सैन्य कारबाही गर्न तम्सन्छ । इराकमा अमेरिकाले यही नीति अपनाएको थियो । इराकले रासायनिक हतियार निर्माण गरेको भन्दै अमेरिकाले सद्दाम शासनमाथि धावा बोलेको थियो । अहिले सिरियामाथि यही आरोप लगाउँदै हमला गर्ने रणनीतिमा अमेरिका देखिएको छ । तर सिरियाको पक्षमा शक्तिराष्ट्रहरु चीन र रुस उभिएपछि अमेरिका असद सत्ता ढाल्न असफल बन्दै आएको छ । उत्तर कोरियाले आणविक हतियार निर्माण गरेको भन्दै अमेरिकाले संयुक्त राष्ट्र संघलाई समेत उकासेर लामो समयदेखि कठोर नाकाबन्दी लगाइरहेको छ । उत्तर कोरियाले आणविक भट्टीहरु ध्वस्त पारेर आफूलाई शान्तिप्रति उत्तरदायी रुपमा प्रस्तुत गर्दा समेत ऊमाथि लागेको नाकाबन्दी हटेको छैन । उत्तर कोरिया र अमेरिका बीच सिंगापुरमा आणविक अस्त्र निर्माण नगर्ने प्रतिबद्धतालाई कोरियाले पालन गरेको छ । तर अमेरिका हतियार निर्माणमा अझै आक्रामक ढंगले अघि बढिरहेको छ ।

शीतयुद्धपछि पहिलोपटक रुस करिब ३ लाख सैनिकका साथ सैन्य अभ्यास गरिरहेको छ । पूर्वी साइबेरियामा भइरहेको सैन्य अभ्यासलाई ‘भोस्टोक-२०१८’ नाम दिइएको छ । यसमा चीनका करिब ३ हजार २ सय सैनिक, बख्तरबन्द सवारी र एयरक्राफ्ट पनि सामेल छन् । रुसले यति विशाल सैन्य अभ्यास करिब ३१ वर्षअघि सन् १९८१ मा गरेको थियो । जतिबेला शीतयुद्ध जारी थियो र अमेरिका-सोभियत युनियनबीच सहज सम्बन्ध थिएन । तर अहिलेको सैन्य अभ्यासमा त्यसबेला भन्दा बढी सैनिक सहभागी छन् । यो सैन्य अभ्यास महत्वपूर्ण पनि छ, किनकि यतिबेला अमेरिकाको नेतृत्वमा रहेको नेटो र रुसबीच गहिरो मतभेद छ । यही सैन्य अभ्यासका बीच रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र चीनका राष्ट्रपति सी जिनपिङबीच रुसको भ्लादिभोस्टोकमा भेट पनि भएको छ । जसमा पुटिनले भने, ‘राजनीतिक, सुरक्षा र सैन्य क्षेत्रमा हाम्रो सम्बन्ध विश्वसनीय रूपमा अघि बढिरहेको छ ।’

सन् २०१४ मा क्रिमियामा भएको हिंसा र जनमत संग्रहमार्फत रुसमा बिलय भएको घटनापछि नेटोसँग रुसको सम्बन्ध बिग्रिएको छ । २९ देशको साझा संगठन भए पनि यसमा अमेरिकाको वर्चस्व छ र अमेरिकासँगको सम्बन्ध बिग्रनुले नेटोसँगको सम्बन्धमा अर्थ राख्छ । त्यसैले, रुस आफ्नो शक्ति देखाउन चाहन्छ । रुसको राष्ट्रपति कार्यालयका प्रवक्ता डिमित्री पेस्कोभले यो सैन्य अभ्यास जायज भएको बताएका छन् ।

रुसको रक्षा मन्त्रालयले सैन्य अभ्यासमा ३६ हजार बख्तरबन्द सवारी, ट्यांक, सैन्य हतियार वाहक सामेल भएको जनाएको छ । अभ्यासमा थप १ हजार एयरक्राफ्टले शक्ति प्रदर्शन गरे । पूरा अभ्यास पाँच सैन्य प्रशिक्षण क्षेत्र, चार एयरबेस, जापान सागर र केही अन्य स्थानमा पनि हुनेछ । जसमा ८० जहाजले भाग लिनेछन् । तर, जापानको उत्तरी क्षेत्रमा रहेको विवादित टापु कुरिलमा अभ्यास हुनेछैन । गत वर्षपछि रुसले बेलारुससँग संयुक्त सैन्य अभ्यास गरेको थियो । तर, यति ठूलो परिमाणमा सैन्य अभ्यास शीतयुद्धपछिको पहिलो हो ।

रुस र चीन सैन्य क्षेत्रमा दोस्रो र तेस्रो शक्तिका



रूपमा स्थापित छन् । भौगोलिक हिसाबले पनि सँगै रहेका दुई शक्तिराष्ट्रबीचको सैन्य अभ्यासले धेरै कुराको संकेत दिन्छ । चीनको रक्षा मन्त्रालयले यसबाट दुई देशबीच सैन्य साझेदारी बढ्ने र यसबाट शक्तिमा बढोत्तरी हुने जनाएको छ । चुनौतीपूर्ण अवस्थामा पनि दुई देश मिलेर त्यसको सामना गर्न सक्छन् । रुसका रक्षामन्त्री सर्गेई सोइगुले मध्य एसियामा इस्लामिक चरमपन्थी रुसको सुरक्षामा ठूलो खतरा भएको बताए । चीनले मुस्लिम बहुल इलाका सिनजियाङ क्षेत्रमा कडा सुरक्षा र सेन्सरसिप लगाएको छ । पछिल्ला केही वर्षदेखि यो इलाकामा हिंसात्मक घटनामा वृद्धि भइरहेका छन् । चीनले यस्ता घटनामा पृथकतावादीहरूले समस्या सिर्जना



गर्न खोजिरहेको बताउने गरेको छ । पछिल्ला केही वर्षमा रुस र चीनबीच सैन्य सम्बन्ध राम्रो भइरहेको छ । यो अभ्यासका क्रममा दुई देशको एक संयुक्त क्षेत्रीय मुख्यालय पनि हुनेछ । रुस सिरियामा बसर अल असदको सरकारका पक्षबाट युद्धमा सामेल छ, जहाँ विद्रोहीलाई अमेरिकी साथ रहँदै आएको छ । चीन र भारतबीच गत वर्ष डोकलाम विवाद उत्कर्षमा पुग्दा सैनिक समाधानको विकल्पबारे चर्चा भएको थियो ।

सोभियत संघको विघटनपछि विश्व राजनीतिमा अमेरिकाको एकछत्र राज चल्यो । अमेरिकाले आतंकवादका नाममा होस् या मानवअधिकार वा आणविक हतियार जम्मा गरेका नाममा होस् विभिन्न देशमा युद्ध छेड्यो । इराक, अफगानिस्तान युद्धदेखि सिरिया, लिबियाजस्ता देशमा विद्रोहीलाई अमेरिकाले राम्रै साथ दियो । अहिले पनि विश्वमा अमेरिकी दबदबा उस्तै छ । डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति बनेपछि त झनै विशृंखलित अमेरिकी अभियान जारी छ र अमेरिकाको अपरिपक्व राजनीति-कूटनीतिले हैरान पार्दै छ । अमेरिकाले चीनमाथि लगाएको व्यापारिक कर र चीनले अमेरिकाविरुद्ध प्रतिउत्तरमा लगाएको करले दुई देशबीच व्यापारिक युद्धकै अवस्था छ । यस्तो अवस्थामा दुई शक्ति राष्ट्र चीन र रुस भने नजिकिएका छन् । यसको प्रमुख कारण भने अमेरिकाको अन्तर्राष्ट्रिय प्रभाव कमजोर पार्न पनि हो । आंशिक रूपमा नै भए पनि नजिक आएर दुई देशले अमेरिकी प्रभावलाई तोड्न खोजेका छन् । दुई देशबीच आर्थिक सहयोग पनि बढिरहेको छ । चीनले सन् २०१७ मा आफ्नो प्रत्यक्ष लगानीमा ७२ प्रतिशत वृद्धि गरेको छ । चीन र अमेरिकाबीचको व्यापारमा तनाव उत्पन्न भइरहेका बेला रुस एउटा महत्वपूर्ण व्यापारिक साझेदारका रूपमा अघि आएको छ । यतिबेला चीनले सबैभन्दा बढी तेल रुसबाट नै ल्याइरहेको छ र रुसको सबैभन्दा ठूलो ऊर्जा कम्पनी गाजप्रोमले ३ हजार किलोमिटरको ग्याँस पाइपलाइन निर्माण गरिरहेको छ । जसले पूर्वी साइबेरियालाई चीनको सीमासँग जोड्नेछ । गत जुनमा पनि रुस र चीनका राष्ट्रपतिबीच एक आपसमा भेट भएको थियो । जहाँ दुवैले एक अर्कालाई सबैभन्दा नजिकको सहयात्रीका रूपमा व्याख्या गरेका थिए । शीतयुद्ध क्रमको परिस्थितिमा आकाश-जमिनको फरक आएको छ । एउटा यस्तो समय पनि थियो, जतिबेला सोभियत संघ र चीनबीच वैश्विक स्तरमा कम्युनिस्ट नेतृत्व र पूर्वी सीमा विस्तारका विषयलाई लिएर संघर्ष चलेको थियो ।

दुई शक्ति राष्ट्र रुस र चीनबीचको यो सैन्य अभ्यासलाई छिमेकी राष्ट्रले मात्र नभई परस्परविरोधी शक्तिका रूपमा रहेको नेटोले पनि नजिकबाट नियालेको बताइरहेको छ । नेटोका प्रवक्ता डायलन वाइटले भने, ‘सबै राष्ट्रलाई आफ्नो सशस्त्र बलको प्रयोग गर्ने अधिकार छ । तर यो पारदर्शी तरिकाले गरिनुपर्छ ।’ भोस्टोक-२०१८’ रुसको ठूलो संघर्षजस्तो देखिन्छ । रुसको रक्षा बजेट र सैन्य बलमा ठूलो मात्रामा वृद्धि भएको छ ।

रुसले सन् २०१४ मा रुसी मूलका क्रिमियाली विद्रोहीलाई समर्थन गऱ्यो र युक्रेनमाथि हस्तक्षेप बढायो । जसका कारण तनावको अवस्था सिर्जना भयो । लगत्तै नेटोले पूर्वी युरोपको बाल्टिक क्षेत्रमा ४ हजार सैनिक पठायो । जसलाई रुसले नेटोको रबैया ठीक नभएको बतायो । उसले सन् २०१३-१४ मा भएको युक्रेनियन क्रान्ति पश्चिमा देशले जानीजानी बनाएको योजना भएको टिप्पणी गऱ्यो । गत मार्चमा दक्षिणी इंग्ल्यान्डमा पूर्वरुसी गुप्तचर सर्गेई स्क्रिपन र उनकी छोरी युलियामाथि नर्भ एजेन्टका रूपमा विष दिइएपछि रुस र नेटो आबद्ध देशबीच ठूलो खैलाबैला भयो । अमेरिका, बेलायतसहित केही देशले रुसी कूटनीतिज्ञलाई निष्काशन गरे भने रुसले पनि ती देशका कूटनीतिज्ञलाई देश निकाला गऱ्यो । यो विवाद अहिले पनि समाधान भइसकेको छैन ।

पूर्वी साइबेरियामा चीन र रुसको संयुक्त सैन्य अभ्यास भइरहेका बेला दक्षिणी छिमेकी राष्ट्र भारतमा पनि सैन्य अभ्यास चलिरहेको छ । यो सैन्य अभ्यास पनि एक साता लामो छ र यसमा भार तसहित बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) राष्ट्रका सैनिकहरू सहभागी छन् । जसमा बिम्स्टेकको सदस्य राष्ट्र भएर पनि नेपाल सामेल छैन र पर्यवेक्षक राष्ट्रका रूपमा रहेको छ । नेपालमै भएको बिम्स्टेकको चौथो शिखर सम्मेलनमा संयुक्त सैन्य अभ्यासको सहमति भए पनि नेपालमा सैन्य अभ्यासलाई लिएर एकमत हुन नसकेपछि र अन्तिम समयमा नेपाल पछि हट्यो । बिम्स्टेक भारतको अग्रसरतामा बनेको क्षेत्रीय संगठन हो । यो सैन्य अभ्यास पनि भारतकै अग्रसरतामा पुणेमा जारी छ । यो सैन्य अभ्यासको उद्देश्य पनि साइबेरिया सैन्य अभ्यासको उद्देश्यसँग मेल खान्छ । तर, गज्जबको कुरा के छ भने बिम्स्टेकको खास उद्देश्य सैन्य क्षेत्रसँग भन्दा आर्थिक र प्राविधिक सहयोग हो । नेपाल सहभागी नहुने भएपछि भारतले यसलाई गम्भीर रूपमा लिएको छ । भारतले यो कदमलाई कूटनीतिक झट्काका रूपमा लिएको छ । किनकि हालै मात्रै नेपालले चिनियाँ बन्दरगाह प्रयोग गर्ने इजाजत पाएको थियो र केही समयपछि चीनसँग हुने संयुक्त सैन्य अभ्यासमा पनि नेपाल सहभागी हुँदै छ । त्यसकारण पनि भारतलाई शंकाको सुविधा प्राप्त भएको छ । तर नेपालको आन्तरिक राजनीतिमा सहमति बन्न नसकेपछि नेपाल सैन्य अभ्यासमा सहभागी भएन । तर पर्यवेक्षकका रूपमा उपस्थित छ ।

यसैगरी पछिल्लो पटक जापानले साउथ चाइना सीस्थित विवादित जलक्षेत्रमा पहिलो पटक सोमबार सैन्यअभ्यास गरेको छ । जापानी जलसेनाको प्रतिरक्षा बलले एक पनडुब्बी र ३ सैनिक पानीजहाजको प्रयोग गरी शृखलाबद्ध अभ्यास गरेको सञ्चारमाध्यमहरूले जनाएका छन् । पनडुब्बी अभ्यासबारे जापानको घोषणाबारे चीनले भने कुनै प्रतिक्रिया जनाएको छैन । कतिपय विश्लेषकहरूले भने उक्त कदमलाई चीन र अमेरिकाबीच जारी व्यापार द्वन्द्वसँग पनि जोडेर हेरेका छन् । जापान अमेरिकाको निकै नजिकको मित्रशक्ति राष्ट्र हो ।

अन्तर्राष्ट्रिय व्यापार मार्गमा पर्ने साउथ चाइना समुद्रमा विश्वकै पानीजहाज आवतजावत गर्छन् । गत वर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले साउथ चाइना समुद्रका कतिपय क्षेत्रको दाबी गर्दै आएका देशबीच वार्ताका लागि मध्यस्थता प्रस्ताव गरेका थिए । उनले भियतनाम भ्रमणका क्रममा उक्त प्रस्ताव राखे पनि त्यसको भने कुनै प्रतिक्रिया पाएनन् ।

अमेरिकाले सीमासम्बन्धी विवादमा कसैको पक्ष नलिने बताउने गरे पनि स्वतन्त्रतापूर्वक हवाई र जलमार्ग सुचारु होस् भनेर सैनिक पानीजहाज र युद्धपोतहरू उक्त क्षेत्रमा पठाउने गरेको छ । चीन तथा अमेरिका दुवैले विवादित क्षेत्रलाई सैनिकीकरण गरेको संलग्न पक्षले आरोप लगाउने गरेका छन् । मानव बसोबास शून्यप्रायः रहेका दुई टापुको स्वामित्वबारे चीन, फिलिपिन्स, ताइवान, भियतनाम र मलेसियाबीच लामो समयदेखि विवाद छ । समुद्रको कपितय स्थानमा ब्रुनाईले समेत दाबी गर्दै आएको छ । चीनले सयौं वर्षदेखि आफूले प्रयोग गर्दै आएको दाबी गर्दै साउथ चाइना समुद्रमा पर्ने टापुमाथि दाबी गर्छ । सन् १९४७ मा चीनले आफ्नो दाबी स्पष्ट देखिने गरी उक्त क्षेत्रको एक नक्सा सार्वजनिक गरेको थियो । त्यसयता चीनले विभिन्न क्षेत्रमा कृत्रिम टापुहरू बनाउने गरेको छ । समुद्रमा माछाका साथै खनिज तेल र ग्यास स्रोत रहेको विश्वास गरिन्छ ।चीनले आफ्नो प्रभाव देखाउन पटक-पटक उक्त क्षेत्रमा सैनिक अभ्यास, गस्ती गर्दै आएको छ ।

*एजेन्सीहरुको सहयोगमा*

## रोचक संसार

### कुकुरका छाउराजस्ता आइसक्रिम



इन्टरनेटमा कुन बेला के चिज चर्चित हुन्छ र भाइरल बन्छ भन्ने कुराको भेउ पाउनै गाह्रो हुन्छ । अहिले कुकुरका छाउरा आकारका आइसक्रिम भाइरल भएका छन् ।

ताइवानको काओसिउंगस्थित जेसीको आर्ट किचनमा यस्ता अनौठा आकारका आइसक्रिम पाइन्छन् ।

आफ्नो ‘युनिकनेस’का कारण अहिले यो आइसक्रिम इन्टाग्राम सेन्सेसन बनेको छ । यी आइसक्रिम यति धेरै सावधानीपूर्वक बनाइन्छ कि कुकुरको आकार अलिकति पनि बिग्रिँदैन ।

सोसल मिडियामा लोकप्रिय भएसँगै यसको माग पनि बढेको छ । उक्त क्याफेमा अनौठो आइसक्रिमको स्वाद लिनका लागि ठूलो संख्यामा ग्राहक पुग्ने गरेका छन् । उक्त आइसक्रिमको मूल्य प्रतिगोटा ४ सयदेखि ७ सय रुपैयाँ बराबर पर्दछ । यो आइसक्रिम विभिन्न ३ खाले स्वादमा पाइन्छ । यसमा मिल्क टी, पिनट तथा चकलेट फ्लेवर रहेको छ ।


### एन्टिबायोटिकले जिब्रोमा रौ

काठमाडौं । अमेरिकामा एउटा डरलाग्दो घटना भएको छ । कार दुर्घटनापछि उपचारका क्रममा एन्टिबायोटिक औषधि सेवन गरेकी एकजना महिलाको जिब्रोमा रौँ पलाएपछि सबै अचम्ममा परेका छन् ।

५५ वर्षीया महिला कार दुर्घटनामा परेपछि उनका दुवै खुट्टामा चोट लागेको थियो । उपचारका क्रममा उनलाई डाक्टरले मेरोपेनेम तथा मिनोसाइलाइन लगायतका एन्टिबायोटिक औषधि दिएका थिए ।

सो औषधि खाएको चार हप्तापछि उनको जिब्रो बाक्लियो, स्वाद बिग्रियो र अप्ठेरो भयो । त्यसपछि उनी डाक्टरकोमा मुख परीक्षण गराउँदा जाँदा पो थाहा भयो जिब्रोमा रौँ पलाएछन् ।

जिब्रोमा कालो रङ पलाउने यस्तो समस्याको मुख्य कारक तत्व उनले सेवन



गरेका विभिन्न खाले एन्टीबायोटिकको एलर्जीका कारण भएको हुनसक्ने बताइएको छ ।

यो अनौठो रोगलाई चिकित्सा भाषमा लिंगुआ भिलासा निग्रा भनिन्छ । यसमा १ देखि १८ मिलिमिटरसम्म लामा रौँ जिब्रोमा पलाउँछन् ।

मुखको स्वास्थ्य कमजोर हुनु, धेरै अल्कोहल सेवन गर्नु तथा धुम्रपान समेतका आनीबानीले यस्तो समस्या बढाएको बताइएको छ ।

१३ प्रतिशत मानिसमा यस्तो समस्या देखिने र समयमै उपचार तथा मुखको स्वास्थ्यमा ध्यान दिएमा रोग निको हुने बताइन्छ ।

### बलात्कारी बचाउने कुकुर

बलात्कारको आरोपमा ५० वर्षको जेल सजाय पाउन लागेका एकजना मानिसका लागि एउटा कुकुर भगवान सावित भएको छ ।

अमेरिकाको ओरेगनमा अदालतबाट गत वर्ष बाल यौन शोषणको मुद्दामा दोषी ठहर भएका जोशुआ हार्नर नामका व्यक्तिको जिवनमा एउटा कुकुरका कारण नयाँ मोड आएको छ । लुसी नामक लाब्राडोर जातको कुकुरका कारण उनी जेलमुक्त भएका छन् ।

हार्नरमाथि एकजना बालिकालाई यौन शोषण गरेको अभियोग थियो । पीडित भनिएकी बालिकाले आफूमाथि यौन दुर्व्यवहार गर्नुका साथै हार्नरले लूसी कुकुरलाई पनि गोली हानी मारेको दाबी गरेकी थिइन् । तर सो कुकुर एकजना नयाँ मालिकसँग जिवितै पाइएपछि हार्नरले सफाई पाए ।हार्नरले अदालतमा बयानका क्रममा आफूमाथिको यौन दुर्व्यवहार तथा कुकुर मारेको आरोप अस्वीकार गर्दै आएका थिए । कुकुर जिवितै रहेको र आफूले गोली नहानेको उनको दाबी थियो ।

अन्ततः लूसी कुकुरको खोजतलासका क्रममा ओरेगन कोस्टमा एकजना नयाँ मालिकको साथमा लूसी फेला पर्यो ।

कुकुर जिवित पाइएपछि हार्नरमाथि लागेको अभियोग झुटो भएको सावित भयो । पीडित भनिएकी बालिकाले हार्नरमाथि गलत आरोप लगाएको पुष्टि भएपछि उनलाई रिहा गरियो ।

### कार खेती हुने जमिन



बालीनाली तथा बोटविरुवा उमार्ने र खेती गर्ने जमिन हुनु त सामान्य भयो । तर दुनियाँमा यस्तो ठाउँ छ, जहाँ जमिनमा कारको खेती गरिन्छ र जमिनमा कार उम्रिएका हुन्छन् ।

हो, अमेरिकामा कारको खेती गरिन्छ । नेवादा राज्यको गोल्डफिल्डमा बस्ने एकजना व्यक्तिले त्यहाँको पहाडि क्षेत्रमा कारको खेती सुरु गरेका छन् ।

पुराना गाडीहरुलाई यस्तो तरिकाले पनि प्रयोग गर्न सकिनेछ भन्ने कुराको अनौठो उदाहरण उनले पेश गरेका छन् ।

माइकल मार्क रिप्पी नामका व्यक्तिले कारको अनौठो खेती गरिरहेका हुन् । सन् २०११ मा सुरु भएको उनको उक्त काममा रिप्पीलाई एकजना अर्को सहयोगी फेला परे । केड सार्ग नामका व्यक्ति रिप्पीको उक्त सिर्जनशील आइडियालाई नयाँ उडान दिए ।

दुवै मिलेर उक्त अनौठो ठाउँलाई द इन्टरनेशनल कार फरेस्ट अफ द लास्ट चर्च नाम दिइएको छ । उक्त कार जंगलमा ४० भन्दा धेरै कार छन् । त्यहाँ साना तिना कारका साथै ठूलो ट्रकहरु पनि छन् । गाडीहरु जमिनमा धसिएका छन्, गाडेको वा उम्रिएको जस्तो गरी ।

उम्रिएका जस्ता गाडीको दृश्य निकै अनौठो देखिन्छ । रातको समयमा त्यहाँके सुन्दरता झनै बढ्दछ ।

### कुकुर सहरको मेयर

हाम्रो देशमा उसै त नेताहरुको छवि जनताको नजरमा निकै खराब छ । चुनावमा भोट हालेका उनै नेताहरुलाइ जनताले दुत्कार्नु परेको छ । तर हामीकहाँ तिनै नेताको विकल्प छैन । उता अमेरिकामा भने जनताले नेताको विकल्प निकालेका छन् । जनताले कुकुरलाई आफ्नो सहरको मेयर चुनेका छन् । क्यालिफोर्नियाको इडिलविल्ड सहरका बासिन्दाले गोल्डेन रिट्रिभर जातको कुकुरलाई मेयरको कुर्सी सुम्पिएका छन् । नवनिर्वाचित उक्त मेयर कुकुरको नाम मेक्सिमस म्यूलर हो ।

मेयरको काँधमा धेरै जिम्मेवारी सुम्पिएको छ । मेयरलाई सघाउनका लागि थप दुईवटा कुकुरलाई उप मेयरमा नियुक्त गरिएको छ । दुबै उपमेयर कुकुर पनि गोल्डेन रिट्रिभर जातकै हुन् । उनीहरुको नाम माइकी र मित्जी हो । उनीहरु दिदीभाई हुन् । मेयर चाहीँ उनीहरुको भतिज । मेयर म्यूलरलाई कामकाजमा सजिलो होस् भनेर एउटा गाडीको सुविधा पनि दिइएको छ ।

नयाँ मेयरको कार्यजिम्मेवारी अन्तर्गत पर्यटक, स्थानीय मानिसहरु तथा सञ्चार माध्यमसँग धेरै भन्दा धेरै तस्वीर खिचाउनु रहेको छ । साथै सहरमा हुने हरेक सार्वजनिक कार्यक्रममा मेयर अनिवार्य रुपमा उपस्थित हुनुपर्नेछ । स्मरण रहोस् एनिमल रेस्क्यू फ्रेण्ड नामक संस्थाले निर्वाचन गराएर मेयर र उपमेयरहरुको छनोट गरेको हो । यद्यपि, यी मेयर तथा उपमेयरले कानूनी मान्यता भने पाएका छैनन् ।

### रक्सीले मातिएर सर्प निल्दा गयो ज्यान

रक्सीको नशामा मानिसले होस गुमाएर यस्ता यस्ता काम पनि गर्छन् कि त्यसबाट ठूलो मूल्य चुकाउनु पर्दछ । भारतको उत्तर प्रदेशमा हालै यस्तो एउटा घटना भएको छ । उत्तर प्रदेशको अमरोहाका एक व्यक्तिले रक्सीले मात्तिएको बेला जिउँदा विषालु सर्प खाँदा उनको मृत्यु भएको छ ।

४० वर्षका महिपाल नामका व्यक्ति रक्सीले चूर भएर सडकमा हल्लिँदै हिडिरहेका थिए । त्यत्तिकैमा सडकमा घस्रिरहेको एउटा सर्पको बच्चा उनले देखे । उनको होस गुमेको थियो । त्यसैले उनले सो सर्पलाई च्वाप्प समाते र हावामा घुमाउन थाले ।

सर्पको बच्चालाई कहिले हातमा उफार्ने र कहिले भुइँमा खसाल्ने गरेर




खेलाइरहेका थिए उनले । उनको त्यो तमासा हेर्ने मानिसहरुको भिड लाग्यो त्यहाँ । मानिसहरुले उनलाई रोक्नुको साटो झनै उक्साइरहेका थिए । उनले त्यत्तिकैमा त्यो सर्पको बच्चालाई मुखमा हाले र निले ।

सर्प निलेको केही बेरमै उनको अवस्था बिग्रिन थाल्यो । उनलाई अस्पताल लगियो । उनले निलेको सर्प उनको स्वास नलीतिर छिरेछ । उनले त्यसो हुँदा उनले स्वास फेर्न त सकेनन् नै सर्पले डसेपछि शरीरमा विष पनि फैलियो । जसका करण उनको चार घण्टामै मृत्यु भयो ।

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा
इटालियन, अंग्रेजी र
जर्मन भाषा सिकी
आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

प्रेरक प्रसंग

## पुस्तकभन्दा राम्रो साथी छैन




वर्नर हाइजनबर्ग जब १९ वर्षका थिए, तब उनी विद्यालयमा गार्डको ड्युटी गर्थे । एक दिन ड्युटी गरिरहेकै बेला कतैबाट प्रख्यात दार्शनिक प्लेटोको एक पुस्तक भेटे, जसमा प्राचीन ग्रिसको परमाणुसम्बन्धी सिद्वान्त दिइएको थियो ।

यो पुस्तक पढ्दा पढ्दै वर्नरलाई भौतिक विज्ञानमा यति रुचि जागेर आयो कि उनले यो क्षेत्रमा केही गर्ने विचार गरे । फेरि के थियो र २३ वर्षको उमेरसम्म उनले आफ्नो बेजोड प्रतिभाको बलमा गोटिजेनमा प्रोफेसर मेक्स प्लङको सहायकको पदमा नियुक्त भए । यसपछि उनले कहिल्यै पछाडि फर्केर हेर्नु परेन ।

आफ्नो जीवनको २४ वसन्त बितुन्जेल हाइजनवर्ग केपनहेगनको विश्वविद्यालयमा लेक्चरर भइसकेका थिए । २६ वर्षको उमेरसम्म पुग्दा आफ्नो पहिलाको ६/७ वर्षको अनुसन्धानको आधारमा उनलाई भौतिक विज्ञानमा असाधारण योगदानका लागि नोबेल पुरस्कार प्रदान गरियो । यस प्रकार एउटा पुस्तकले एउटा गार्डलाई नोबेल पुरस्कार विजेता बनाइदियो । यसर्थ भनिन्छ, पुस्तकभन्दा असल साथी अरु केही हुँदैन ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अध्यात्मभाव जागृत हुनाले धर्मकर्म तथा समाजसेवामा प्रवृत्त भइनेछ। परिस्थितिवश रोकिएका काम सम्पादन हुनेछन् । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ। नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना छ । सानो प्रयासले ठूलो काम बन्नेछ । तारिफयोग्य कामले मानसम्मान दिलाउनेछ । आलस्य गर्ने बानीप्रति अलि टीकाटिप्पणी हुन सक्छ, सजग रहनुहोला ।

### बृष

स्वास्थ्य कमजोर रहनाले आत्मबलमा कमी आउन सक्छ। फजुल खर्च बढ्नेछ भने सोचेको उपलब्धि तत्काल प्राप्त नहुन सक्छ। चिताएको काम रोकिनाले दोहोर्याएर प्रयत्न गर्नुपर्ला। पहिलेको नतिजा बिग्रने भयले सताउनेछ। आफ्नो वस्तुमा समेत अरूले दाबी गर्न सक्छन्। मालमत्ता हराउने योग रहेकाले हुलमुलमा धनमाल जोगाउन सजग रहनुहोला।

### मिथुन

अत्यावश्यक काम छोडेर पनि घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । सानो कमजोरीले प्रतिफल गुम्न सक्छ, सजग रहनुहोला। अप्ठ्यारो स्थितिमा पनि शुभचिन्तकहरूको साथ पाइनेछ । तर, बेसुरमा बोल्ने बानीले आत्मग्लानिको स्थितिमा पुर्याउन सक्छ। प्रेममा अविश्वास जाग्नाले प्रतिस्पर्धाको भावना उत्पन्न हुनेछ । आतिथ्य केही खर्चिलो बन्ने समय छ ।

### कर्कट

काममा समय लागे पनि मनग्गे लाभ हुनेछ। परिश्रम परे पनि लक्ष्यमा पुग्न सकिनेछ । आँटले चुनौतीका पर्खाल नाघ्न सकिनेछ । शत्रु र प्रतिस्पर्धीहरूलाई उछिन्ने मौका छ । आहारविहारमा ध्यान दिनुहोला, स्वास्थ्यमा सुधार आउनेछ । रोकिएका कामहरू पनि सजिलै सम्पादन हुनेछन् । प्रतिस्पर्धीलाई कमजोर ठान्ने र आलस्य गर्ने बानीले भने अलि पछि परिनेछ । यात्राको सम्भावना प्रबल रहनेछ ।

### सिंह

समयमा काम नगर्ने बानीले पछि परिने हुँदा समयमै सजग रहनुहोला। लगनशीलताले बिस्तारै लक्ष्यमा पुर्याउनेछ। केही विलम्ब भए पनि प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। अध्ययनमा धेरै समय दिन नसके पनि सहपाठीहरूलाई पछि पार्न सफल भइनेछ। सन्तान तथा सहयोगीको साथले हौसला प्रदान गर्नेछ। मिहिनेतको उचित प्रतिफल प्राप्त हुनेछ।

### कन्या

घरेलु काममा अल्झनुपर्नेछ। आत्तिने बानीले काम दोहोर्याउनुपर्ने हुन सक्छ। आवश्यक पर्दा साथीभाइ र शुभचिन्तकहरू टाढा हुनेछन्। बेसुरमा वचन दिने बानीले पनि समस्या निम्त्याउनेछ। तत्कालको फाइदा हेर्दा पछिको लाभांश घट्नेछ। अनावश्यक साइनो गाँस्नेहरूबाट सजग रहनुहोला। मिहिनेतको प्रतिफल हातपार्न केही समय प्रतीक्षा गर्नुहोला।

### तुला

नयाँ काम प्रारम्भ गर्ने अवसर प्राप्त हुनेछ। आम्दानीका स्रोत थपिनुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। पहिलेकै काम दोहोर्याउनुपरे पनि मिहिनेतको प्रतिफल प्राप्त हुनेछ। व्यवसायमा मनग्गे धनलाभ हुनेछ। लगानीले दिगो फाइदा दिलाउनेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ। शत्रु र प्रतिस्पर्धीलाई पछि पर्दै फाइदा उठाउन सफल भइनेछ।

### बृश्चिक

मिहिनेत परे पनि आँटेको काम बन्नाले उत्साहित भइनेछ । अध्ययनमा प्रगति हुनेछ भने ज्ञान र अभिव्यक्ति कलामा निखारता आउनेछ । कर्मयोगले दैनिकीमा सुधार ल्याउनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । तारिफयोग्य कामको चर्चा हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ । आँटेको काम पूरा हुनेछ । मनमा चिन्ता बढ्ला ।

### धनु

प्रियजनसँगको भेटघाटले दिन रमाइलो बन्नेछ। जमघटका बीच स्वादिष्ट भोजनमा मन रमाउनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। बिछोडिएका आफन्तसँग पुनर्मिलन हुनेछ। आय बढ्नाले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मकर

भैपरी आउने खर्चले धन अभाव हुनेछ। समय दिन नसक्दा बन्न लागेको काम पनि बिग्रन सक्छ। विचार नमिल्नाले आफन्तसँग टाढिनुपर्ला। कुरा लगाउनेहरूको विश्वासमा पर्दा छिमेकमा असमझदारी बढ्न सक्छ। पछिका लागि केही वस्तु त्याग्नुपर्ला। केही खर्च लागे पनि लामो यात्रा गर्ने प्रक्रिया अघि बढ्नेछ। आम्दानीका स्रोत भने अलि कमजोर बन्ने देखिन्छ।

### कुम्भ

मिहिनेत गर्दा आयआर्जनका काम सम्पादन हुनेछन्। तर उठ्नुपर्ने रकम हातलागी हुन केही समय पर्खनुपर्ने देखिन्छ। तत्कालका आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने हुन सक्छ। कर्जाको धन भने प्राप्त हुनेछ। व्यापारमा मालमत्ता उधारो बिक्री गर्नुपर्ला। लेनदेनको हिसाबमा पनि अलि सजग रहनुपर्नेछ। तापनि दिगो फाइदा हुने काममा जग बसाउने मौका प्राप्त हुनेछ।

### मीन

समय लागे पनि चिताएको काम सम्पादन हुनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि पनि कामको जग बसाउने मौका छ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ। प्रयत्न गर्दा ठूलै व्यक्तिको साथ पाइनेछ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। राजनीति, नोकरी तथा व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुने समय छ । आफन्तहरु टाढिन सक्छन् ।

## निखिल नोमिनेशनमा किन ?

नोमिनेशनमा नै परेको व्यक्ति अवार्ड वितरणका लागि स्टेजमा चढ्दा के होला ? जो व्यक्ति अवार्ड पाउन योग्य छ भन्दै नोमिनेशनमा पर्छ, सोही व्यक्तिलाई सोही विधाको अवार्ड वितरणका लागि स्टेज चढाइनु अवार्ड र सो व्यक्तिप्रतिकै भद्दा मजाक होइन र ? यदि त्यस्तो हो भने, आइतबार आयोजना भएको 'सिनेमा सर्कल अवार्ड' को आयोजकले नायक निखिल उप्रेती र आफ्नो अवार्डमाथि नै भद्दा मजाक गर्‍यो ।

नायक निखिल उप्रेती र नायिका सारा सिर्पाली 'पर्दाका उत्कृष्ट जोडी' विधामा नोमिनेशनमा थिए । तर, यो विधाको अवार्ड वितरणका लागि नायक निखिल उप्रेती र नायिका संचिता लुइटेललाई नै स्टेजमा लगियो । निखिलले बन्द खाम खोले र नायक रमेश उप्रेती र नायिका दीपिका प्रसाइलाई उत्कृष्ट जोडीको रुपमा घोषित गरे ।

प्राय अवार्ड कसले पाउँदैछ भन्ने कुरा जुरी बाहेक अरुलाई थाहा हुँदैन । अवार्ड पाउने व्यक्तिको नाम स्टेजमा पुगेर बन्द खाम खोलेपछि मात्र सार्वजनिक हुन्छ । तर, निखिलले अवार्ड पाउदैनन् भन्ने पहिले नै थाहा भएर हो कि किन हो, आयोजकले उनलाई नै अवार्ड वितरण गर्न लगायो ।

निखिल उप्रेतीलाई अवार्ड वितरणका लागि अरु विधामा स्टेज चढाएको भए कति राम्रो हुन्थ्यो होला ? तर, नोमिनेशनमा परेर अवार्डका हकदार बनेका निखिलले अवार्ड पाएको भए के उनले आफ्नो अवार्ड आफैलाई दिन्थे होलान् ? 'राम्रा भन्दा हाम्रा'लाई अवार्ड दिएर नेपालको अवार्डको नै बदनाम गरिरहेका आयोजकले यस्ता खालका कुरामा ध्यान नदिनु कतिसम्मको भूल होला ?

## किन भइन् रेनसा असन्तुष्ट ?

नायिका साम्राज्ञी राज्यलक्ष्मी शाह एकाएक चलचित्र रिलिजको अन्तिम क्षणमा अवार्डमा सहभागी हुने भन्दै जापान उडेपछि यसकी निर्देशक रेनशा वान्तवा राई असन्तुष्ट बनेकी छिन् । रेनशाले, साम्राज्ञीले प्रचारको अन्तिम समयमा जापान उड्ने निर्णय लिदा आफूहरुलाई प्रचारमा असहयोग भएको बुझ्केकी छिन् । यसैले पनि अहिले रेनशा साम्राज्ञीले यो निर्णय लिएकोमा आफू दुखी भएको बताइरहेकी छिन् । तर, पनि रेनशाले साम्राज्ञी विदेश गएपनि आफू र नायक धिरज मगर भएर प्रचारलाई अगाडि बढाएको बताएकी छिन् । रेनशा अहिले चलचित्र प्रचारका क्रममा धिरजलाई प्रमोशन गर्नमा व्यस्त छिन् । जापानमा आयोजना भएको 'सूर्य इन्टरनेशनल अवार्ड'मा साम्राज्ञीलाई 'सुर्य पपलुर नायिका'को अवार्ड दिइएको थियो । यो अवार्ड उनलाई दर्शकको भोटको आधारमा नभई आयोजकले दिएको हो । यसैले पनि साम्राज्ञी यो अवार्डका लागि विदेश तछाडमछाड गरेर जानुको औचित्य खासै नभएको वुझाई 'इन्टु मिन्टु लण्डनमा'को टिमको छ । असोज ५ गतेबाट रिलिज हुन लागेको यो चलचित्रले अहिले राम्रो हाइप पाइरहेको छ ।

## "छक्का पन्जा ३" को ओभरसिज राइट्स बिक्री

दशैको अवसर पारेर रिलिज हुन लागेको चलचित्र 'छक्का पन्जा ३'को ओभरसिज राइट्स हाइलाइट्स नेपालले महंगो मुल्यमा खरिद गरेको छ । अब, यो चलचित्र विदेशमा रिलिज गर्ने सम्पूर्ण अधिकार हाइलाइट्स नेपालसँग सुरक्षित रहनेछ । तर, यसपटक यसको निर्माणपक्षले युटुबमा चलचित्र भने बेचेको छैन । चलचित्रका निर्माता दिपकराज गिरीले भने('हो, यसपटक हामीले युटुबमा चलचित्र बेचेका छैनौ । विदेशमा बस्ने दर्शकलाई हेर्नका लागि नयाँ प्रविधीको खोजी गरिरहेका छौ । संभवत यो चलचित्र युटुबमा आउँदैन ।' दिपकका अनुसार, हाइलाइट्स नेपाललाई १ करोडमा यो चलचित्रको ओभरसिज राइट्स बेचिएको हो । चलचित्रको ट्रेलर र गीत पनि हाइलाइट्स नेपालकै युटुब च्यानलबाट सार्वजनिक भएको छ । दिपक भन्छन्- 'चलचित्र युटुबमा आउँछ भनेपछि दर्शक हलमा घटेका छन् । युटुबमा हरेक हप्ता नयाँ नयाँ चलचित्र रिलिज हुँदा हलमा दर्शकको चाप घट्न थालेको छ ।' हुनपनि हो, हिजोआज युटुबमा नम्बर १ ट्रेन्डिङमा परेका अधिकांश चलचित्रले हलमा पानी पनि भन्न नपाएको अवस्था छ । दीपाश्री निरौलाको निर्देशनमा तयार भएको यो चलचित्रमा दिपकराज गिरी, दीपिका प्रसाँई, केदार घिमिरे, जितु नेपाल, विल्सन विक्रम राई, प्रियंका कार्की लगायतका कलाकारको मुख्य भूमिका छ ।

## "बाँध मायाले" प्रदर्शनमा

शुक्रबारबाट प्रदर्शनमा आउन लागेको फिल्म हो 'बाँध मायाले' । अभिनेता आर्यन अधिकारी र अभिनेत्री सृष्टि श्रेष्ठ स्टारर यस फिल्मको गीतसंगीत र ट्रेलरले राम्रो हाइप बनाएको छ । अब हलमा दर्शकको उपस्थिति कस्तो होला ? हेर्न बाँकी छ । रिलिज डेट ढोकै अगाडि आइसकेको अवस्थामा निर्माण टिमले दुई नयाँ पोस्टर सार्वजनिक गरेको छ । पोस्टरमा लिड कलाकार आर्यन र सृष्टि मात्र फिचर्ड छन् । उनीहरुलाई रोमान्टिक अवतारमा देख्न सकिन्छ ।

सार्वजनिक पोस्टरबाट 'बाँध मायाले' पूर्ण रुपमा लभ स्टोरी फिल्म हो भन्ने अनुमान गर्न सकिन्छ । फिल्मलाई रामहरी धिताल र विभिषिका श्रेष्ठले संयूक्त रुपमा निर्माण गरेका हुन् ।

फिल्मलाई बाबु श्रेष्ठले खिचेका हुन् भने द्वन्द्व निर्देशन रोशन श्रेष्ठको छ । फिल्ममा सृष्टि र आर्यनसँगै किशोर खड्का, राजाराम पौडेल, रविन्द्र प्रताप सेन, विशाल चाम्लिङलगायतको अभिनय छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Furtive = गोप्य वा कसैले थाहा नपाउने Having noticed the furtive glance of fellow friends, she covered her breast with shawl (साथीहरूले थाहा नपाउने गरी हेरेको महसुस गरी उनले आफ्नो छाती सलले छोपिन्)

Grotto = सानो गुफा There are many grottos in Capri of Naples where one can go through small boats (नेपल्सको काप्रीमा धेरैससाना गुफाहरू छन्, जहाँ ससाना डुंगाको माध्यमबाट जान सकिन्छ)

Hover = झुम्मिनु The crowd hovered around the place accident had taken place (भीड दुर्घटनास्थलमा यत्रतत्र झुम्मियो)

Incongruity = नमिल्ने र नसुहाउने The incongruity of his wearing necktie with Nepalese pantaloon amused other (उसले नेपाली सुरुवालसँग टाइ लगाएकोमा नमिल्दो भएको देखी सबै जना हाँसे)

Jaundiced = पूर्वाग्रही Since she does not like him, she looked at his painting with jaundiced eyes (उसलाई मन नपराउने हुँदा उनले उसको कलाकृतिलाई पनि पूर्वाग्रही दृष्टिकोणले हेरिन्)

Lugubrious = शोकपूर्ण The lugubrious howling of the dog is considered to be a bad omen (कुकुर रुनुलाई अलच्छिनको पूर्वसंकेतको रुपमा लिइन्छ)

Ludicrous = हाँस्नुपर्ने कुरा Be serious, this is not a ludicrous issue (गम्भीर होऊ, यो कुनै हाँस्नुपर्ने कुरा होइन)

Myopic = दूरदृष्टि नभएको For being a successful politician, one should be farsighted not myopic (सफल नेता बन्नका लागि दूरदृष्टि भएको हुनुपर्दछ)

Nonentity = महत्वहीन व्यक्ति Although he was dismissed illegally as a nonentity, he did not dare to sue (महत्वहीन ठानेर उसलाई जागिरबाट निकाले तापनि त्यसको विरोधमा उसले मुद्दा हाल्ने साहस गरेन)

Outspoken = सबै कुरा खुलेर भन्ने Too outspoken sometimes might be a cause of failure (बढी खुलेर बोल्नु पनि कहिलेकाहीँ असफलताको कारक तत्व बन्न सक्छ)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

मंगल ग्रहमा पुग्ने प्रथम व्यक्ति को हुन् ?
- भाइलिङ सन् १९७६

लण्डनमा भन्दा अगाडि बेलायतको राजधानी कहाँ थियो ?
- विनचेस्टर

युगोस्लाभियाको समाचार समितिलाई के भनिन्छ ?
- तानजुङ

डार्कनेस एट द नुन नामक पुस्तकका लेखक को हुन् ?
- अर्थर क्वेस्टलर

डेनमार्ककी महारानी बस्ने दरबारलाई के भनिन्छ ?
- एमोलियन वर्ग प्यालेस

नेपालको इतिहासमा महाराजाधिराजको उपाधि पाउने प्रथम राजा को हुन् ?
- अंशु बर्मा

एक चोटिमा दुई बच्चा जन्म्यो भने अंग्रेजीमा ट्वीन भनेझैं एकै पटकमा पाँच बच्चा जन्मिएमा के भनिन्छ ?
- पेनट्अपलेट

महान दार्शनिक सोक्रेटसले आत्महत्या गर्दा प्रयोग गरेको विषको नाम के हो ?
- हेमलक

प्रकाश संश्लेषणको अन्तमा रूखले कुन चाहिँ गिसि छोड्छ ?
- अक्सिजन

कसले टोकेपछि दुईवटा घाउ देखिन्छ ?
- विषालु सर्प

गोबरको प्रयोग केको उत्पादनमा गरिन्छ ?
- हारमोन्स

भगवान बुद्धले प्रथम उपदेश कहाँ दिएका थिए ?
- डोरपार्क

## Take बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Take a chair = बस्नु, Everyone is requested to take a chair in the front row हरेकलाई अगाडिको लहरको सिटमा बस्न अनुरोघ गरिएको छ ?

Take measurement = नाप लिनु As I decided to buy a suit peace, the tailor took my measurement मैले सुट पिस किन्ने निर्णय गर्नासाथ सुचिकारले मेरो नाप लियो ।

Take bus = बस लिनु He takes bus everyday to go to school ऊ हरेक दिन स्कुल जाँदा बस लिन्छ ।

Take the view= मान्यता राख्नु He takes the view that in democracy there must be total press freedom प्रजातन्त्रमा पूर्ण प्रेस स्वतन्त्रता हुनैपर्छ भन्ने मान्यता राख्छ ऊ ?

Take line = प्रस्तुत हुनु The government is taking a tough line against drug abuse लागूपदार्थ विरुद्ध सरकार कडा रुपमा प्रस्तुत हुँदैछ ?

Take picture = फोटो खिच्नु Taking pictures in some places is prohibited कहीं कहीं फोटो खिच्न मनाही गरिएको हुन्छ ।

Take service = सेवा दिनु He will take evening service from tomorrow ऊ भोलिबाट बेलुकीको सेवा दिँदैछ काम गर्न मनपराउँदैन ।

Take somebody = यौन सम्पर्क गर्नु He took her on the sofa उसले तिनीसँग सोफामै यौन सम्पर्क गर्‍यो ।

Take a break = छुट्टि लिनु The newreader takes a commercial break many time while reading news समाचार वाचन गर्दा वाचकले विज्ञापनका लागि भनेर छिनछिनमा वाचन रोक्छ ।

Take a bath = नुहाउनु Taking a bath before going to bed is a healthy practice सुत्न जानुभन्दा अगाडि नुहाउनु स्वस्थकर हुन्छ ।

## सुडोकु-अंक १२०

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | | | ५ | | | | १ |
| १ | | | | | | | ७ | २ |
| | | ३ | १ | ४ | | | | |
| | | ५ | २ | ३ | | ६ | | |
| | ९ | | | | | | ८ | |
| | | ६ | | ८ | ५ | ३ | | |
| | | | | २ | ३ | ५ | | |
| ५ | ४ | | | | | | | ३ |
| ६ | | | | ७ | | | | ४ |

## अंक ११९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ७ | ९ | ५ | १ | ३ | ४ | २ | ६ |
| १ | २ | ६ | ७ | ८ | ४ | ५ | ९ | ३ |
| ४ | ५ | ३ | २ | ६ | ९ | १ | ८ | ७ |
| ७ | १ | २ | ६ | ५ | ८ | ३ | ४ | ९ |
| ३ | ६ | ४ | ९ | २ | १ | ७ | ५ | ८ |
| ५ | ९ | ८ | ३ | ४ | ७ | ६ | १ | २ |
| २ | ३ | ७ | १ | ९ | ५ | ८ | ६ | ४ |
| ६ | ४ | ५ | ८ | ३ | २ | ९ | ७ | १ |
| ९ | ८ | १ | ४ | ७ | ६ | २ | ३ | ५ |

# सम्मेलनका सहभागीका झलकहरु









# बालबालिकाहरू राष्ट्रिय सम्मेलनमा सहभागी

३ नं. प्रदेशको राजधानी हेटौडामा २ दिने प्रादेशिक बाल सहभागिता सम्मेलन भयो । आयोजक कन्र्सोटियम नेपालको सहकार्य र बाल कल्याण समाज मकवानपुर हातेमालो संचारको संयोजनमा र वर्ल्ड भिजनको सहयोगमा हेटौडामा रहेको एभोकार्डो होटलमा प्रादेशिक बाल सहभागिता सम्मेलन संचालन भएको थियो ।

कार्यक्रममा ९ जिल्लाका बालबालिकाहरुको सहभागिता रहेको थियो । प्रत्येक जिल्लाबाट एक बालक र एक बालिका गरी २ जनाको सहभागिता भएको थियो । सबै बालबालिकाहरुलाई संरक्षकमार्फत नै लगिएको थियो । काभ्रे जिल्लाबाट ३ जना बालबालिका र २ जना संरक्षक र १ जना जिल्ला बाल क्लब सन्जालका अध्यक्षको पनि सहभागिता रहेको थियो ।

कार्यक्रममा बाल विकास समाजका तर्फबाट कार्यक्रम सुपरिवेक्षक दिपेन्द्र पराजुली सहभागिता रहेको थियो । सबै जिल्लाबाट भदौ १९ गतेका दिनमा हेटौडा पुगिसकेका थिए भने चितवनबाट चैत्र २० गते विहान आइपुग्नु भएको थियो । २० गते विहान ९ बजे प्रदेश नं. ३ का सभामुख सानु कुमार श्रेष्ठको सहभागितामा दिप प्रजलन गरी कार्यक्रम उदघाटन गरिएको थियो । स्वागत मन्त्वय बाल कल्याण समाज मकवानपुरका प्रकाश खतिवडाले दिनुभयो । १ बालक र १ बालिकाले पनि आफना कुरा राख्न पाउनु भयो जसमा धादिङ्गबाट प्रतिनिधत्व गर्दै आएकी मनिषा सापकोटा बहिनी र मकवानपुरबाट जिल्ला बाल क्लब सन्जालका अध्यक्ष सुसन बिश्वकर्मा हुनुहुन्थ्यो ।

कार्यक्रममा शुरुमा बाल अधिकार भनेको के हो भनेर जानकारी गराइयो । कार्यक्रमको सहजीकरण युवराज घिमिरेले गर्नु भएको थियो । कार्यक्रमको व्यवस्थापन हातेमालो संचारका अथवा प्रदेश नं. ३ का संयोजक प्रकाश कुमार लामिछानेले गर्नु भएको थियो भने CONCERN NEPAL का प्रकाश बसी प्रदेश सह संयोजकले अन्य कुरा आर्थिक र संयोजकलाइ सहयोग गर्नुभएको थियो ।

कार्यक्रममा सबै सहभागिहरुलाई समुहकार्य पनि गराइएको थियो । बाल अधिकारका ४ बाकसलाई आवश्यक कुराहरु समुह छलफलबाट ल्याइएको थियो । अन्य कुराहरु मेटाकार्डमा लेखि पनि दिएका थिए । ४ वटा बाल अधिकारका बाकसलाई ४ वटा मेटाकार्डमा अबको कानुनमा कस्ता कुरा समेटीनु पर्छ पनि दिएका थिए। कतिपय जिल्लामा वडा,नगर वा गाउँपालिका स्तरिय बाल क्लब पनि गठन नभएको पाइयो । सो कुरालाई सभासद महोदयहरुलाई पनि ध्यानाकर्षण गराइयो । दोस्रो दिनमा पनि विहान ८ बजे खाजा खाएर हलमा पुगियो र तिनै कुराहरुमा छलफल गरियो । कतिपय आवश्यक कानुनी कुराहरु थप पनि भयो ।

बालबालिकाहरुले ज्ञापनपत्र बनाइ सभासद ज्यूहरुलाई ध्यानाकर्षण गराइएको थियो । सो कार्यक्रममा जम्मा ४४ जनाको सहभागिता रहेको थियो । यो कार्यक्रम बाल सहभागिता र बाल संरक्षणलाई प्रवद्धन गर्ने उद्देश्यका सम्पन्न गरियो । यो कार्यक्रममा ९ वटा जिल्लाबाट बालबालिकाहरुको सहभागिता भए पनि ४ वटा जिल्लाबाट बालबालिकाहरुको सहभागिता भएन ।

दोस्रो दिनमा प्रदेश स्तरिय बाल सल्लाहकार समिती गठन गरियो । जसमा काभ्रे जिल्लाको तर्फबाट १ जना बालक र १ जना बालिका छनौट भएको छ । जसमा शंखबुद्ध तामाङ्ग, रोशी ८, खार्पाचोक निवासी र सरिता सापकोटा पनौती नगरपालिका कुशादेवी सदस्य रहेको छ । बाकी ४ जिल्लाकालाई समेटी अर्को बैठकबाट समितीलाई पुर्णता दिने निर्णय पनि गरियो । अर्को बैठक ६ महिनापछि हुनेछ । ज्ञापनपत्रमा अवका कानुन यस्तो हुनपर्छ र बालबालिकाहरुको आवाजहरुलाई प्रदेश सभाका माननिय सभा सदस्यज्युहरु निती निर्माताहरुलाई सुझावहरु माननीय सभा सदस्य जुनेली श्रेष्ठ र मुनु सिग्देलाई बुझाइयो । कार्यक्रम समापन पछि समुहको फोटो खिचेर आयोजक टिम फर्कनुभयो । नजिक जिल्लाका घर जानुभयो र टाढा हुनहरु २२ गते विहान फर्कनुभयो । अचम्म लाग्ने कुरा कतिपय जिल्लाबाट संरक्षक र बालबालिकाहरुलाई नै बालअधिकार भनेको कुरा जानकारी भएको थियो ।

**प्रस्तुति : दिपेन्द्र पराजुली**

# वातावरण मैत्री सकृय








कामनपा वडा नं ३० मैतिदेवी, ज्ञानेश्वर तथा रातोपुल एरिया सक्रिय वातावरण मैत्री समाजले आफूले सफाइ कार्यक्रम संचालन गरेको २ हप्ता पूरा गरेको छ । ९२ औं हप्ताको विशेष सरसफाई कार्यक्रम मैतिदेवी मन्दिरदेखि भैरवस्थान मन्दिरसम्म सहयोगी संघसंस्था तथा समाजसेवीहरू सबैलाई एक्बद्ध गरी सम्पन्न गरिएको थियो । समाजले त्यसै गरी भाद्र २३ गते बिहान मैतिदेवी मन्दिरबाट महाकवि मार्गमा ९१ औं हप्ताको सरसफाई कार्यक्रम साथै ३० वडाका विभिन्न स्थानमा वृक्षारोपण गर्नुको साथै अन्य पायक पर्ने विभिन्न स्थानहरूमा वातावरणलाई सहयोग हुने गरी वृक्षारोपण गर्न लागिपरेको थाहा हुन आएको छ । त्यसै गरी ९० औं हप्ताको कार्यक्रम अन्तर्गत मैतिदेवी मन्दिरदेखि सेतो पुलसम्मको सरसफाइ कार्यक्रममा त्रिवेणी स्कुल मैतिदेवी, लिट्टिल फ्लावर स्कुल ज्ञानेश्वरका छात्र छात्राहरुले समेत उत्साहपूर्वक सहभागिता जनाएको समाजका संयोजक राधे मिश्रले बताउनु भयो ।

## भारतीयको...

नाकामा चेक जाँचमा बसेका प्रहरीले रोक्न खोज्दा प्रहरीमाथि समेत गोली चलाइ भागेका छन् । गोली लागी प्रहरी जवान शिव पौडेल घाइते भएका छन् । प्रहरीले सीमा नाकाहरु सिल गरी अपराधी समूहको खोजतलास गरिरहेको छ ।

## संविधान दिवसमा...

रहनुभएका समस्त नेपाली दाजुभाई, दिदि-बहिनी तथा आमा-बाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछ ।

नेकपा (माले) पटक-पटकका राजनीतिक क्रान्ति र जनान्दोलनको बलमा प्राप्त संविधानसभाद्वारा जारी गरिएको नयाँ संविधानले सदियौंदेखिका विभिन्न खाले विभेद र असमानताहरूलाई अन्त्य गर्दै देश शान्ति, सुशासन र समृद्धिको दिशामा सफलताका साथ अघि बढ्ने छ भन्ने विषयमा विश्वास व्यक्त गर्दछ ।

नेकपा (माले) देशमा तीन तहका निर्वाचन सम्पन्न हुनुका साथै तीनै तहका सरकारहरू पनि निर्माण भइसकेका छन् । यस्तो अवस्थामा आवश्यक कानुनहरूलाई चाँडो पूर्णता दिँदै जनताको भावना र मर्म अनुसार समृद्धि निर्माणको निम्ति देशलाई द्रूत गतिमा अघि वढाउन सरकार गम्भिर भएर लागोस् भनी अनुरोध गर्दछ । संविधान दिवसले देशमा स्वतन्त्रता, राष्ट्रिय एकता तथा सद्भाव कायम राख्न तथा देश र जनताको हितको निम्ति सवै राजनीतिक दलहरू जिम्मेवार भएर लाग्न प्रेरणा देओस् भनी शुभकामना व्यक्त गर्दछ ।'

## भुटानबाट पनि...

योग्य हुनेछन् । भुटानी जनताले भारत समर्थित पार्टीलाई तेस्रो बनाएपछि अब भुटानमा सो पार्टीको बागडोर औपचारिक रुपमा खोसिने भएको हो ।

ड्रुक न्यमनरुप शोगपा (डिएनटी) र ड्रुक फुन्सुम शोगपा (डिटिपी) पहिलो र दोस्रो हुँदै अन्तिम प्रतिस्पर्धामा सहभागी हुने भएका छन् । अब यी दुई दलले मात्र राष्ट्रियसभाका लागि आगामी अक्टुवर १८ गते हुने अन्तिम चरणको निर्वाचनका लागि उम्मेदवार उठाउन पाउने भुटानको अनलाइन दी भुटनीजले जनाएको छ ।

दुई पार्टीले सरकार र प्रतिपक्ष चलाउने हुँदा निवर्तमान प्रधानमन्त्रीको पार्टी अब शासन सञ्चालनबाट पूर्ण रुपमा बाहिर रहने भएको हो । डीएनटी यसअघि संसदबाहिर रहेको दल हो भने डिटिपी भुटानको प्रतिपक्षी दल हो । चार दल सहभागी चुनावमा सत्तारूढ दलसँगै भुटान कुन्याम पार्टी (बीकेपी) समेत बाहिरिएको छ ।

## आफ्नै व्यवहारका...

रुपमा एक छैन । भारतका विभिन्न राज्यहरु मानसिक रुपमा स्वतन्त्र रहेको ठान्छन् । चाहे कास्मिर होस् वा गोवा । नागाल्यान्ड होस् वा तमिलनाडु, चाहे असम वा मिजरोम, पञ्जाव होस् वा महाराष्ट्र । भारतीय राज्यहरुलाई रेलको लिकले मात्र जोडेको छ । 'हामी सबै भारतीय हौं' भन्ने भावनाले जोडेको छैन । बाध्यतावश जोडेको मिलिटरी फोर्स र पुलिस फोर्सले ।

तर भारतीय सेना प्रमुखले जसरी नेपाल भारतबाट टाढा जान नसक्ने दाबी गरेका छन्, त्यसले स्वाभिमानी नेपालीहरुको तेजोबध गरेको छ । नेपालका ठूला राजनीतिक दलका नेताहरुले भारतसँग त्वं शरणमंको लम्पसारवादी नीति लिएका कारण भारतीय शासकहरुले नेपालमाथि विहारको विस्तारित भूभागजस्तो व्यवहार गर्दै आएका छन् । भारतीय सेना प्रमुखको नेपालप्रतिको टिप्पणी यही श्रृंखलाभित्र पर्छ । नेपाली सेनाको मानार्थ सेनापति भारतीय सेना प्रमुख हुने अनि भारतीय सेनाको मानार्थ सेनापति नेपाली सेना प्रमुख हुने जुन परिपाटी रहिआएको छ, त्यसले पनि रावतको अभिव्यक्ति आपत्तिजनक छ । नेपाली सेनाको मानार्थ सेनापतिले नेपाललाई भारतको अधिनमा बस्नैपर्छ भन्ने आशयको कुरा गर्नुले नेपाली सेनाको समेत चित्त दुख्नुपर्ने हो । नेपाली सेनाले भारतीय सेना प्रमुखको दुराशयपूर्ण अभिव्यक्तिको खण्डन गर्न नसक्नु दुर्भाग्यपूर्ण छ । नेपाली सेनाले १३ वर्ष अघिदेखि भारतीय सेनासँग गर्दै आएको 'सूर्यकिरण' संयुक्त सैन्य अभ्यास अब तोड्न जरुरी छ । काउन्टर टेरोरिजममा केन्द्रित रहने भनिएको यस्तो अभ्यास नेपालका सन्दर्भमा औचित्यहीन छ । चीनको छेडुमा सगरमाथा फ्रेन्डसिप-२ नामक नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाको संयुक्त सैन्य अभ्यास लिएर भारत सशंकित छ । नेपालको झुकाव चीनतिर बढिरहेको भन्दै भारतीय सञ्चार माध्यमहरुले आपत्ति प्रकट गरिरहेका छन् ।

भारत आफ्नै व्यवहारका कारण दक्षिण एसियाबाट एक्लिँदैछ । भारतले भुटानकै हैसियतमा नेपाललाई राख्ने जुन रणनीति तय गरेको छ, त्यो विस्तारै भुत्ते हुँदैछ । नेपालको परराष्ट्र र सुरक्षा नीति आफैंले व्यवस्थापन गर्न पाउनुपर्ने माग भारतीय शासकहरुले गर्दै आएका छन् । तर त्यसमा भारत सफल हुन सकेको छैन । नेपालमा प्रो इन्डियन सरकारको निर्माण गर्ने भारतीय प्रयत्न पनि पछिल्ला समयमा निष्काम भएको छ । तर पनि भारतीय शासकहरुले फेरि १८ महिनापछि ओली सरकार ढालेर पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउने खेल अहिलेदेखि नै सुरु गरिसकेका छन् । दाहालले दिल्ली भ्रमण गरेर काठमाडौं फर्के लगत्तै म दुई वर्षपछि प्रधानमन्त्री हुन्छु भनेर बोल्नु भारतीय रणनीतिभित्रकै विषय हो । प्रधानमन्त्री केपी ओली चीनसँग बढी झुकाव राख्छन् भन्ने आशंकामा छ भारत । चीनसँग पारवहन प्रोटोकलमा सम्झौता हुनु, चीनको महत्वकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिएसिटिमा (वीरआरआइ) मा नेपाल सहमत हुनु, नेपालमा चिनियाँ लगानी वृद्धि हुनु, योजना परियोजना र उद्योगधन्दाहरुमा चिनियाँ उद्योगीहरुले चासो देखाउनु जस्ता कारणहरुबाट भारत नेपालसँग बिच्किरहेको छ । नेपाललाई आफ्नो सुरक्षा छाताभित्र राख्ने भारतीय अभिस्टताका कारण नेपाल र भारतबीचको कूटनीतिक सम्बन्ध हार्दिकतापूर्ण रहेको अवस्था छैन ।

भुटान पनि भारतीय प्रभावबाट बाहिर निस्कने कोसिसमा छ । भुटानको सत्तारुढ दल तथा वर्तमान प्रधानमन्त्री छिरिङ थोब्गेको दल पिपुल्स डेमोक्रेटिक पार्टी भर्खरै सम्पन्न संसदीय निर्वाचनको प्रारम्भिक चरणबाटै बाहिरिएको छ । यो भारतका लागि ठूलो झट्का हो । नतिजाअनुसार प्रधानमन्त्री थोब्गेको पीडीपी १८८० मतका साथ तेस्रो स्थानमा झरेको छ । थोब्गे भारतपरस्त व्यक्ति मानिन्छन् । डुक न्यामरुप छोप्पा (डीएनटी) ले दुई हजार ४३२ ल्याई दोस्रो र डुक फुएन्सुम छोक्पा (डीपीडी) ले ४ हजार २० मत ल्याई प्रथम स्थान बनाएको छ । नतिजासँगै सत्तासीन दल पीडीपीले अक्टोबरमा हुने दोस्रो चरणमा भाग लिन पाउने छैन । विजयी बनेको डीपीडी पार्टीले आफ्नो घोषणापत्रमै भुटानप्रति भारतीय व्यवहारको चर्को विरोध गरेको छ । डीपीडी दल सत्तारुढ भएपछि उसले भुटानलाई भारतीय प्रभावबाट बाहिर निकालेर विश्व विरादरीमा पुऱ्याउने अवश्य प्रयत्न गर्नेछ । भुटानसँग चासोको विषय रहेको डोक्लाममा भारतीय सेना उपस्थित गराएर भारतले भुटान आफ्नै प्रदेश रहेको सन्देश प्रवाह गर्न खोजेको कुरा भुटानी जनताले मनपराएका रहनेछन् भन्ने चुनावी नतिजाले देखाएको छ । डोक्लाममा अहिले चिनियाँ सेनाले काम गरिरहेका छन् । अब भुटान भारतको सुरक्षामा नरहने पक्का छ ।

भुटान नेपाल लगायत श्रीलंका, माल्दिभ्स, अफगानिस्तान इरानमा समेत भारतको स्थिति कमजोर भएको छ । भूराजनीतिक दूरदर्शिताको अभावमा भारतले आफ्नो क्षेत्र पकड गुमाउँदै गएको भारतीय विश्लेषकहरुको ठहर छ । अमेरिकाका लागि मोदीले सबै कुरा दाउमा लगाएको उनीहरुको बुझाइ छ । इरानबाट भारतलाई तेल आयात गर्न अमेरिकाले अझै दिएको छैन । आफूले उपयोग गरिरहेको रक्षा प्रविधि भारतलाई उपलब्ध गराएको रुससँगको सम्बन्ध समेत अमेरिकासँगको सामीप्यका कारण शंकाको घेरामा पर्दै गएको छ । पाकिस्तानसँग भारतको सम्बन्ध शत्रुतापूर्ण रहँदै आएको छ । कास्मिर मुद्दामा भारत र पाकिस्तान आम्नेसाम्ने नै छन् । माल्दिभ्समा चीनको प्रभावकारी उपस्थिति बनिसकेको छ । भारत त्यहाँ आफ्नो हेलिकप्टर समेत राख्न सकिरहेको छैन । माल्दिभ्समा अब्दुल्लाह यमिनको सरकार आएपछि त्यहाँ भारत कमजोर भएको छ । माल्दिभ्सलाई भारतले दुईवटा हेलिकप्टर दिएको थियो तर अहिले उसले त्यसलाई फिर्ता लान भनिरहेको छ । माल्दिभ्सले भारतीय कम्पनी जिएमआरले बनाउन लागेको ५ सय ११ अर्ब डलर लागतको अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणको कामलाई रोक्का दिएको छ ।

सन् २०१७ मा श्रीलंकाले आफ्नो हम्बनटोटा बन्दरगाह चीनलाई सुम्पेको छ । महिन्दा राजपाक्षेलाई हराएर सिरसेनालाई सत्तामा ल्याउन भारतले सफलता पाए पनि स्थानीय चुनावमा राजपाक्षेको दलको जितले भारतलाई झापट दिएको छ । अफगानिस्तानमा तालिवान प्रभावमा कम आएको छैन । तालिवान बलियो अवस्थामा रहनुले भारतको अफगानिस्तानमाथिको प्रभाव कमजोर सिद्ध हुन्छ । बंगलादेशमा उत्तरी र दक्षिणी क्षेत्र जोड्ने पुल चीनले निर्माण गरिरहेको छ । बंगलादेश निर्माण भएदेखि नै सबैभन्दा चुनौतीपूर्ण मानिएको यस इन्जिनियरिङ योजना चीनकै अगुवाईमा सम्पन्न हुने क्रममा छ । फाइनान्सियल टाइम्सका अनुसार सो योजनामा चीनले ३.७ अर्ब डलर लगानी गरेको छ । सिन्ह्वाले यस पुललाई चीन र बंगलादेशको मित्रताको प्रतीक मानेको छ । भारतबाहेक दक्षिण एसियाली राष्ट्रहरु लगायत आसियन सदस्य देश म्यान्मार चीनको वीरआरआई परियोजनामा जोडिएका छन् । यसले भारत छिमेकीहरुबाट दूर हुँदै गएको छ । छिमेकी मुलुकहरुप्रतिको हेपाहा व्यवहारका कारण भारत एक्लो अवस्थामा पुगेको छ ।

तेस्रो धार

# मिथिला चित्रकलाको वर्तमान अवस्था र भविष्य

**सुनैना ठाकुर**




मिथिला चित्रकलालाई परिभाषित गर्न जरूरी नै छैन । किनभने मिथिला चित्रकला आफैमा परिभाषित छ । म सानै छँदा मिथिला कलाप्रति प्रेरणा मिलेको हो । सानैमा आमा, हजुरआमाले माटोले घरको भित्तामा विभिन्न प्रकारको चित्रकला बनाएको देख्थें । त्यसबखत म उहाँहरूलाई यो के बनाउनु भएको भनेर सोध्थें । त्यस बेला उहाँहरूले यो घरको सजावटको लागि बनाएको भन्नुहुन्थ्यो । त्यसपछि मैले पनि त्यही चित्रलाई आफ्नो कापीमा कोर्न थालें र विद्यालय तहको पढाईमा पनि त्यस्तै हजुरआमाले बनाएको जस्तो चित्रहरू बनाएर प्रथम हुन थालें । यसरी नै मैले चित्र बनाउँदै जाने कामको सुरूवात भयो । तर पछि जब मेरो विवाह भयो, मबाट चित्रकालकारितो एक प्रकारले हराउँदै गयो । केही समयपछि जनकपुरमा चित्रकला प्रदर्शनी भयो । त्यसमा ३६० महिला सहभागि थिए । त्यसमा म पनि सहभागी भएा र प्रथम हुन सफल भएँ । त्यसबाट मलाई हौसला मिल्यो । ३६० जनामा म प्रथम हुन सक्छु भने मैले अझ धेरै राम्रो गर्न सक्छु भन्ने लाग्यो । यस्तैमा चित्रकलामा रूची भएको २ जना महिलालाई तालिम दिने भन्ने कुरा थाहा पाएँ । त्यसमा पनि मेरो नाम परेछ । त्यस तालिमको समयमा पनि आफ्नो क्षमतालाई बाहिर ल्याउने अवसर मिल्यो । यसबाट पनि मलाई प्रेरणा मिल्दै गयो । यसको साथसाथै घर परिवारको पनि सहयोग मिल्यो ।

सुरूमा त मलाई कठिनाई नै भयो । किनभने तालिमको अवधिमा मैले घरको सदस्यहरूलाइ मनाउनको लागि धेरै मेहनत गर्नुपऱ्यो । कठिनाई भए पनि परिवारका सदस्यहरूलाई मनाएर म त्यस तालिममा गएँ । विशेष गरी यसमा मेरो श्रीमानको ठूलो सहयोग छ ।

यो १२/१३ वर्षको अवधिमा धेरै चुनौतीको सामना गर्नुपऱ्यो । घरबाट खुट्टा अगाडी बढायो भने हरेक पाइलामा चुनौती नै छ । त्यो चुनौती पार गर्दा-गर्दा यो अवस्थासम्म आइपुगेको छु । एक त महिलाको विवाह भइसकेपछि परिवार, बालबच्चामै सिमित हुनुपर्ने बाध्यता छ । एक विवाहित महिलाले घरको काम भ्याउनै पर्ने हुन्छ । त्यसमा पनि बाहिरको काम गऱ्यो भने अर्को समस्या आउँछ । मैले कसरी समय मिलाउने त यसमा विशेष ध्यान दिन थालें । त्यसमाथि समाजको बाधा त हुने नै भयो । त्यस किसिमका थुप्रै बाधाहरू मैले पक्कै भोगेको छु ।

महिलालाई घरबाहिर निस्केर काम गर्नका लागि आफ्नो परिवारको सहयोग अवश्य चाहिन्छ । परिवारको सहयोग बिना कुनै पनि मानिस अगाडि बढ्न नै सक्दैन । त्यो चाहे पुरूष होस् या महिला । म बाहिर भएको समयमा घरको काममा श्रीमानले सहयोग गरिदिने, बच्चाको हेरविचार गरिदिने, म कता जानुपर्ने हो त्यो ठाउँ पत्ता लगाएर त्यहाँसम्म पुऱ्याइ दिने जस्ता थुप्रै सहयोग पाएको छु ।

मैले यो मिथिला चित्रकला सुरू गर्दा कहिले काहिँ आफैलाई आत्मग्लानी हुन्थ्यो र छोडिदिउँ जस्तो लाग्दथ्यो । तर अहिले आएर यसको भविष्य एकदम राम्रो देखेको छु । यो सीता जन्मेको भूमि हो । यसलाई मिथिला राज्य भने पनि हुन्छ । पहिला धारणा के थियो भने मिथिला चित्रकला मधेशको हो र मधेशको मान्छेले मात्र बनाउँछ तर यो सत्यता होइन । हामी सबै यहि धर्तीमा जन्म लियौं, यो चित्रमा कुनै जात छुट्टयाउन मिल्दैन । पहाड तराई भनेर छुट्टयाउन मिल्दैन । त्यसकारण यसको भविष्य म राम्रो देख्छु । पछि गएर विद्यार्थीले एसएलसी. दिएपछि अरू विषय पढे जस्तै मिथिला कला पनि पढ्न सकुन् । अहिले नै यस्तो समय नआए पनि केही समय पछि पक्कै पनि हुनेछ । यसमा प्रचारप्रसारको पनि जरूरी छ । केही समय अघि नै मैले 'समानता' शीर्षक राखेर चित्रकला प्रदर्शनी गरें । त्यसमा समानताका साथसाथै अन्य सामाजिक परिवेश पनि देखाइएको थियो । बिना समानताले एउटा परिवार, समाज, देश अगाडि बढन सक्दैन । त्यस चित्रमा पनि मैले धर्मनिरपेक्ष नेपाल भनेर बनाएको थिएँ । त्यसपछि नारी शक्ति भन्ने थियो । यस्ता चित्रहरू धेरै थिए । एक जना मानिसले १०० जनाको आवाज बोल्न सक्दैन तर एउटा चित्र ती सय जनाको आवाज बोल्न सक्छ । त्यसकारण पनि मलाई लाग्छ यसको भविष्य राम्रो छ ।

समाजमा महिलालाई के कस्ता समस्या छन्, ती समस्याहरू कसरी भइरहेको छ, महिलालाई के आवश्यक छ र त्यसलाई कसरी परिपूर्ति गरिरहेका छन् जस्ता सन्देश मैले आफ्नो चित्रमार्फत समाजलाई दिन खोजिरहेको छु । महिला के हो र महिलालाई यति हेला किन ? लिखित रूपमा अधिकार दिएको भए पनि त्यो कागजमा मात्र सिमित छ ।

सुरूवात त मैले आफ्नो गाउँबाट नै प्रदर्शनी सुरू गरेको थिएँ । त्यपछि नगरपालिका, राजधानी काठमाडौं, पोखरामा गरें । त्यसपछि यूएईमा पनि मैले प्रदशनी गर्ने मौका पाएँ । त्यहाँ मैले प्रदर्शनीका साथै सम्मान पनि पाएँ । यससँगै भारत, यूरोपमा पनि प्रदर्शनी भयो । अहिले भर्खरै पछिल्लो पटक काठमाडौंमा प्रदर्शनी सम्पन्न भएको छ ।

सुरूमा त मलाई पनि लाग्थ्यो कि यसबाट जिविकोपार्जन हुन सक्दैन तर अहिले म आफै भन्छु कि यसबाट जिविकोपार्जन गर्न सकिन्छ । मिथिला चित्रकलाबाट नामका साथसाथै आयआर्जन पनि गर्न सकिन्छ । चित्रकला आफैमा मूल्य नभएको वस्तु हो तर विदेशी पर्यटकले आफ्नो देश फर्कने क्रममा नेपालको मायाको चिनो लैजान खोज्छन् । त्यसमा पनि मिथिला चित्रकला अत्याधिक खोजि रहेका छन् । यो त विदेशी पर्यटकले लैजाने चित्रको माध्यमबाट भयो । चित्रको साथसाथै मैले टिर्सट, साडी, कुर्ता, व्याग आदिमा पनि पेन्टिङ गरिरहेको हुन्छु । यस्ता सामानहरू त देशभित्र पनि बिक्री भइरहेको छ । म लगायत मैले ८ जना महिलालाई काम दिइरहेको छु । उनीहरूले पनि त्यसबाट भएको आम्दानीले राम्ररी परिवार चलाइ रहेका छन् ।

मिथिला चित्रकलालाई व्यवसायीकरण गर्नका लागि पहिला यसको प्रचार प्रसार जरूरी छ । अर्को कुरा, यसको बजारीकरण पनि आवश्यक छ । सरकारले पनि यसमा ध्यान दिनुपर्ने छ । बजारमा कस्तो किसिमको माग छ त्यसमा पनि निर्भर रहनुपर्छ । मिथिला चित्रकला गर्न इच्छुक हुनेहरूका लागि पनि तालिम केन्द्रहरू खोल्नुपर्छ । यसको लागि सरकारलाई घच्घच्याउनु पर्छ ।

## देशको स्वाधीनता...



सचेत देशभक्त मञ्च, राष्ट्रिय जागरण अभियान

जत्तिकै हुन्छ । त्यसैले राष्ट्रिय स्वाधिनताको रक्षा गर्नु प्रत्येक नेपालीको जिम्मेवारी हो भन्ने कुरा मञ्चले गर्दै आइरहेको छ ।

मञ्चले अहिलेसम्म विभिन्न कलेज कलेजमा प्रशिक्षण कार्यक्रम गरिरहेको छ । त्यसैगरी सामाजिक कार्यहरु र २०७४ चैत्र २४ गते टुँडिखेलमा हजारौं मानव सागरद्वारा मानव निर्मित विशाल नेपालको नक्सा बनाएर एउटा इतिहास निर्माण गरिसकेको छ । त्यसैगरी चैत्र २४ गते सहयोग गर्ने सम्पूर्ण स्वयंसेवकहरुलाई गत भाद्र ३० गते शनिबार सम्मान तथा प्रमाणपत्र वितरण कार्यक्रम गरेको छ । उक्त कार्यक्रमका प्रमुख अतिथि नेकपा मालेका महासचिव एवम् पूर्व उपप्रधानमन्त्री सीपी मैनालीले सचेत देशभक्त मञ्चको टिमलाई बधाई तथा शुभकामना दिनुभयो भने विशेष अतिथि पूर्व नापी विभागका महानिर्देशक एवम् सीमाविद् बुद्धिनारायण श्रेष्ठले वर्तमान सिमानाको बारेमा र लिपुलेकदेखि लिम्पियाधुरासम्मको भूभाग नेपालको नक्साबाट हटाइएको कुरालाई उजागर गर्दै युवाको जोस र जागरलाई सम्मान गर्नुभएको थियो ।

अतिथिको रुपमा रहनुभएका ग्रेटर नेपाल साप्ताहिकका सम्पादक तेजेन्द्र प्रसाईंले भावुक मुद्रामा भारतीय हस्तक्षेपको विरुद्धमा अझै सशक्त रुपमा लाग्न सचेत देशभक्त मञ्चको टिमलाई हौसला प्रदान गर्दै कविता वाचन गर्नुभएको थियो भने मञ्चका महासचिव निराजन ढुंगानाको मन्तब्यबाट सबै उपस्थित महानुभावहरुलाई स्वाधिनताको आन्दोलनलाई उचाइमा पुऱ्याउन जस्तोसुकै भूमिका खेल्न पनि आफू तयार रहेको कुरा बताउनुभएको थियो । सचेत देशभक्त मञ्चका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रमका सभापति मुकुन्द काफ्लेले युवा भनेको देशको मालिक हुन्, विदेशीको आधुनिक दास र गुलाम हैनन्, त्यसैले सबै युवाहरुले देशमै रोजगार पाउनुपर्छ भन्दै सबैलाई

*'गरिखान्छु काम दे सरकार, हाम्रो बोली मान*
*हैन भने विद्रोही सम्झी तातो गोली हान'*

भन्न लगाएका थिए । र मंसिरमा सिमानाको रक्षा र भ्रष्टाचारको विरोधको निम्ति सशक्त रुपमा रचनात्मक कार्यक्रम गर्ने कुरा बताउनु भयो भने मंसिरको कार्यक्रमले भ्रष्टाचारीहरु छटपटाउने छन्, देशद्रोहीहरु चटपटाउने छन, भारतीय विस्तारवादहरु हल्लिने छन्, र लेण्डुपहरु पानीबिनाको माछाजस्तै फुत्रुकफुत्रुक उफ्रिने खालको कार्यक्रम गर्ने कुरा बताउनुभयो । मंसिरको कार्यक्रमको लागि ठूलो धनराशि खर्च हुने भएकाले सबैलाई भौतिक, नैतिक, वैचारिक सहयोग गर्न अपिल गर्दै सबैलाई धन्यवाद ज्ञापन गरेर कार्यक्रम सम्पन्न गर्नुभएको थियो ।

## स्वीस बैंकमा...

छन् र तिनले नेपालमा भ्रष्टाचार गरेर लुटेको अर्बौं सम्पत्ति विश्वका विभिन्न बैंकका खाताहरुमा राखेका छन् । स्वीटजरल्यान्डको स्वीस बैंक पनि विश्वका भ्रष्टहरुको सम्पत्ति सुरक्षा गर्ने ठाउँका रुपमा चिनिँदै आएको छ । उक्त बैंकमा पञ्चायत कालदेखि अहिलेसम्मका भ्रष्ट नेपाली राजनीतिज्ञ तथा माफियाहरुले सम्पत्ति राख्ने गरेको चर्चा हुँदै आएको छ ।

यसैबीच राष्ट्रिय सभाका सांसद खिमकुमार विश्वकर्माले स्वीस बैंकले हालै सार्वजनिक गरेको प्रतिवेदनमा ३२२ दशमलव ८८ मिलियन स्वीस फ्रैंक नेपाली नागरिकले राखेको उल्लेख गर्दै यसबारेमा तत्काल छानबिन गर्न सरकारसमक्ष शक्तिशाली आयोग गठनको माग गरेका छन् । उनले बिहीबारको बैठकको शून्य समयमा बोल्दै अर्बौंको कालो धन छानबिन गरी राष्ट्रियकरण गर्न माग गरेका छन् ।

## खै राजनीतिक...

कार्यकर्ताले राज्यलाई चुनौती दिए । प्रहरी मूक दर्शक बन्यो । उनीहरुले मधेस राज्यको माग गर्दै नाराबाजी गरे । तर सरकारले सिके रावतलाई पक्रने साहस गर्न सकेन । राजपाले यही संविधानअन्तर्गत गरिएको निर्वाचनमा भाग लियो । ओली नेतृत्वको सरकारलाई उसले समर्थन गरेको छ । संघीय समाजवादी फोरम त सरकारमै छ । तर रेणु यादवले टाउकामा कालोपट्टि बाँधेर संविधान दिवसलाई स्वीकार गरेर चुनावमा जाने, सरकारमा जाने अनि त्यही संविधानको विरोध गर्ने ? राजनीतिमा नैतिकताको खडेरी परेपछि यस्तै हुन्छ ?

## महिलालाई...

गर्न सकेमात्रै साँचो अर्थमा देशबाट गरिबी, निरक्षरता र बेरोजगारी निर्मूल भई देश विकास हुन सक्छ भन्नुभयो । राजनीति विकासमुखी नभएकै कारण नेपालमा थुप्रै राजनीतिक परिवर्तन भए तापनि देश विश्वकै १० मध्ये एक कंगाल र भ्रष्ट राष्ट्र बन्न पुगेको उहाँले बताउनुभयो । भ्रष्टाचार निर्मूल गर्ने हो भने माथिबाट सुरु गर्नुपऱ्यो भन्ने माग राख्नुभयो । उक्त अवसरमा आफ्नो मन्तव्य राख्दै नेकपा मालेका केन्द्रीय सदस्य तथा प्रदेश नं ४ का सचिव शंकर पोखरेलले नेकपा मालेले अब विकासको राजनीतिलाई आफ्नो केन्द्रबिन्दु बनाएको तथा राष्ट्रलाई दिनसक्ने नेताले मात्र राजनीति गर्नुपर्ने नयाँ मान्यताका साथ नेकपा माले फेरि उठ्ने अभियानमा लागेको बताउनुभयो ।

उहाँले प्रतिष्ठानका अध्यक्ष तथा नेकपा मालेका पोलिटब्यूरो सदस्य सुरेन्द्र ढकालले आफ्नो सम्पती प्रतिष्ठानमार्फत सामाजिक आर्थिक विकासमा लगानी गरेको बताउँदै नकपा मालेको स्थानीय संगठनको सिफारिसमा यस्ता कार्यक्रमहरु नेपालभरी जहाँसुकै हुन सक्ने बताउँदै ४ नं प्रदेश अन्तर्गत स्याङजा जिल्लामा यस्तो कार्यक्रम हुनु खुसीको कुरा हो भन्दै सोको लागि सुरेन्द्र ढकाल प्रतिष्ठानलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

नेकपा मालेकी केन्द्रीय सदस्य लिलामाया पौडेलले महिलामा निरक्षरता, गरिबी र महिलाहरु घरेलु हिंसाको शिकार हुनुपर्ने अवस्था रहुञ्जेल कुनै पनि देशको विकास हुन सक्दैन भन्ने आफ्नो विश्वास रहेको कारण आफूले पनि पीडित गृहिणी महिलाहरुको उद्धार कार्य गर्दै आएको र यस किसिमका प्रशिक्षणले महिलाहरुलाई स्वरोजगार बन्न मद्दत पुग्ने बताउनुभयो । पुतलीबजार नगरपालिकाका वडा अध्यक्ष ओमबहादुर खड्काले प्रशिक्षण कार्यक्रमको लागि सानै भए पनि सहयोग गर्न पाएकोमा खुसी व्यक्त गर्दै सुरेन्द्र ढकाल प्रतिष्ठानले भविष्यमा पनि यस्तै कार्यक्रम स्याङजा जिल्लामा संचालन गर्नुपर्ने बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि ढकालले सबै प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुको साथै प्रतिष्ठानले सहयोगस्वरुप प्रदान गरेको रु १६०,०००/- मध्येको अन्तिम किस्ता रु ८०,००० को चेक टेक्सटायल उद्योगका संचालक तथा नेकपा मालेको ४ नं प्रदेश कमिटी सदस्य नेत्रबहादुर थापालाई हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा उद्योगका तर्फबाट प्रमुख अतिथि तथा अन्य अतिथिहरुलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा सभापतीको आसनबाट मन्तब्य दिँदै थापाले प्रशिक्षित महिलाहरुलाई असोज १ गतेबाटै आफ्नो उद्योगमा रोजगारी दिने बताउनुभएको थियो ।

## कहिले साटिन्छन्...

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २३ कात्तिक २०७३ मा सम्बोधन गर्दै ५ सय र १ हजार भारुका नोट नचल्ने घोषणा गरेका थिए । नेपालले २४ कात्तिकमा ०७३ मा ५ सय र १ हजार भारु नोटमा प्रतिबन्ध लगाएको थियो । नेपाल बैंकिङ प्रणालीभित्रै ७ करोड ८० लाख ६१ हजार प्रतिबन्धित भारु ५ सय र १ हजारका नोट रहेको राष्ट्र बैंकले जनाएको छ । त्यस्तै बैंकिङ प्रणाली बाहिर करिब साढे ९ अर्बदेखि १० अर्ब भारु रहेको अनुमान नेपाल राष्ट्र बैंकले गरेको छ । यद्यपि कतिपय भारतीय सञ्चार माध्यमले भने नेपालभित्र करिब ३३ अर्ब बराबरका प्रतिबन्धित भारु नोट रहेको अनुमान गरेका छन् । तर नोटबन्दी सुरु भएको दुई वर्ष पुग्न लाग्दा समेत नेपालमा रहेका प्रतिबन्धित भारु साट्ने औपचारिक घोषणा वा समझदारी भएको छैन । भारतीय रिजर्भ बैंक (आरबीआई) ले प्रतिबन्धित ५ सय र १ हजार भारुका ९९.३ प्रतिशत नोट फिर्ता भएको उल्लेख गरेको छ । आरबीआईले १ सय ५३ खर्ब भारु फिर्ता भएको जनाएको छ । प्रतिबन्ध गर्नुपूर्व बजारमा १ सय ५४ खर्ब भारु बराबरको ५ सय र हजारका नोट चलनचल्तीमा रहेको आरबीआईको तथ्यांक छ । कालो धन, भ्रष्टाचार र नक्कली भारु निस्तेज पार्ने भन्दै मोदी सरकारले ५ सय र हजार भारुको नोटमा प्रतिबन्ध लगाएको थियो । नेपाल भारत दुई सरकारबीचको सहमतिअनुसार नेपाली नागरिकले एक पटकमा २५ हजार भारुसम्म चलन गर्न पाउने व्यवस्था छ ।

## सयौं सीमा...

नेपाल भारत संयुक्त बाउन्ड्री वर्किङ ग्रुप (बीडब्लुजी) गठनपछि दशगजामा रहेका ८ हजार ५ सय ५३ सीमा स्तम्भको निरीक्षण गर्दा ८ हजार ५४ वटा राम्रै अवस्थामा रहेको पाइएको छ । १ हजार ३४ नयाँ स्तम्भ निर्माण गरिएका छन् ।

२०७१।७२ देखि ०७४।७५ को अवधिमा गरिएको सर्भेमा १ सय १६ सीमा स्तम्भ मात्र दुरुस्त अवस्थामा रहेको नापी विभागले जनाएको छ । १ हजार ५ सय ४३ वटाको मर्मत सम्भार गरिएको छ । एउटा मुख्य स्तम्भबाट अर्को स्तम्भको दूरी २ किलोमिटर छ । १ सय ७० भन्दा बढी सीमा स्तम्भ खोलाले बगाएका र २ सयभन्दा बढी हराएका छन् । २०४५ को नेपाल भारत सम्झौता र २०२१ सालको नापीबाट करिब १२ सय हेक्टर नेपाली भूभाग भारततर्फ पुगेको अनुमान छ । २०४५ सालमा सन् १८१६ मा भएको सुगौली सन्धिपछिको नक्साअनुसार नेपाल भारत सीमा कायम गर्ने सम्झौता भएको थियो ।